# २१ औं शताब्दीमा समाजवादको नेपाली बाटो

## ऐतिहासिक आठौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत प्रतिवेदन

### १. विषय प्रवेश

आज देशको समग्र राजनैतिक परिस्थिति निकै तरल र चुनौतिपूर्ण छ । जनताको लामो, सशस्त्र एवं शान्तिपूर्ण आन्दोलनबाट प्राप्त उपलब्धीहरुमाथि प्रतिगामी हमला बढेर गएको छ । समावेशी र समानुपातिक चरित्रको संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान उल्टाउन, निरङ्कुश तत्वहरुले टाउको उठाईरहेका छन् । विभिन्न नाम र रुपका दक्षिणपन्थी शक्तिहरुका बीचमा मोर्चाबन्दी बढ्दो छ । देशको आन्तरिक राजनैतिक तरलता र दक्षिणपन्थी मोर्चाबन्दीलाई विदेशी प्रतिक्रियावादी शक्तिहरुले मलजल गर्दै लोकतन्त्रिक प्रक्रिया र राष्ट्रिय स्वाधीनतामाथि हस्तक्षेप बढाएर लगेका छन् ।

निश्चय नै उपरोक्त प्रकारको प्रतिगामी र निरङ्कुश प्रवृत्ति र तत्वहरुका विरुद्ध संविधान, लोकतन्त्र र राष्ट्रिय स्वाधीनताका पक्षधर राजनैतिक शक्तिहरुका बीचमा पनि नयाँ प्रकारको ध्रुबीकरण र मोर्चाबन्दी शुरु भएको छ । नेपाली जनमत आज पनि लोकतान्त्रिक संविधान र राष्ट्रिय स्वाधीनताका पक्षमा स्पष्ट र दृढ रहेको तथ्य प्रतिगमन विरोधी आन्दोलनमा व्यापक जन-सहभागिताले स्पष्ट गरेको पनि छ । वाम लोकतान्त्रिक मोर्चावन्दी र व्यापक जनदवावका कारण तात्कालिन र कार्यनैतिक रुपमा देशी, विदेशी प्रतिक्रियावादीहरुको प्रतिक्रान्तिकारी षडयन्त्रको योजना (Setting) असफल भएको छ । तर, रणनैतिक रुपमा प्रतिक्रान्तिकारी षडयन्त्रका नयाँ, नयाँ तानावाना बुन्ने षडयन्त्र भने रोकिएको छैन ।

वस्तुत: यो स्थिति भनेको नेपाली समाजमा विद्यमान वर्ग-संघर्ष कै राजनैतिक अभिव्यक्ति हो । हिजो जनयुद्ध र जनआन्दोलनबाट पराजित सामन्ती तत्वहरु, दलाल, नोकरशाही पूँजीपतीहरु र तिनका पृष्ठपोषक राजनैतिक दलहरु एकातिर एवं मजदूर, किसानदेखि राष्ट्रिय पूँजीपति वर्गसम्म तथा परिवर्तनका पक्षधर राजनैतिक दलहरु उत्पीडित जाति सम्पूर्ण जाति समुदायदेखि देशभक्त, बुद्धिजीविसम्म अर्कातिर ध्रुवीकृत बनेर संघर्ष चलिरहेको तथ्य सजिलै बुझ्न सकिन्छ । यो ऐतिहासिक रुपले अनिवार्य संघर्षमा विजयका लागि अन्तत: वाम-लोकतान्त्रिक शक्तिले आफ्नो विचारलाई अझ स्पष्ट र धारिलो पार्नु आफ्नो राजनैतिक मुद्धालाई दृढताका साथ जन-समुदायमा स्थापित गर्नु तथा आफ्नो आचरणलाई जन-हित अनुकूल बनाउन अझ जोड गर्नुको विकल्प छैन ।

यस सन्दर्भमा स्पष्ट हुनु पर्दछ कि महान् जनयुद्ध र ऐतिहासिक संयुक्त जनआन्दोलनको प्रमुख नेतृत्वकर्ता एवं संविधान-सभा, समावेशी, समानुपातिक प्रतिनिधित्व प्रणाली, धर्म निरपेक्षता सहित संघीय लोकतान्त्रिक गणतन्त्रको प्रमुख वाहक शक्ति हुनुको नाताले यो परिवर्तनको रक्षा, विकास र परिमार्जनमा पनि हाम्रो पार्टीको प्रमुख जिम्मेवारी रहेको छ । तर, केही वर्षदेखि स्वयं हाम्रो पार्टीमा देखापरेको वैचारिक-राजनैतिक अस्पष्टता संगठनात्मक विभाजन एवं गुटवादी अराजकताका साथै शान्ति सम्झौता पछिका कतिपय राजनैतिक र संगठनात्मक कमजोरी समेतका कारण हामीले परिवर्तनको रक्षा, विकास र परिमार्जनमा प्रभावकारी भूमिका खेल्न सकिरहेका छैनौं । यसको परिणाम, दक्षिणपन्थी प्रतिक्रियावादी शक्तिहरुले टाउको उठाउने अवसर पाइरहेका छन् । यसको विषयमा हाम्रो पार्टीले गम्भीरताका साथ समीक्षा गर्दै सही विचार र राजनैतिक कार्यदिशाको विकास गर्ने तथा तदनुकूल संगठनात्मक संरचना एवं कार्यशैलीको विकासका लागि सर्वाधिक जोड दिनुपर्ने छ ।

आज राष्ट्रिय राजनीतिदेखि कम्युनिष्ट आन्दोलन र हाम्रो पार्टीमा समेत देखा परेका समस्याहरुको प्रमुख र चुरो कारण विचारको विकास र स्पष्धताको अभाव हो भन्ने तथ्यलाई आत्मसात गरिनु पर्दछ । विचारधारात्मक र राजनैतिक कार्यदिशामा विकास र स्पष्टताको प्रश्नलाई हामीले रा[illegible] मात्रै नभएर अन्तर्राष्ट्रिय आयामबाट समेत हेर्नु पर्दछ । वित्तिय पूँजीवादका रुपमा व्यक्त भइरहेको भूमण्डलीकृत साम्राज्यवादका विशेषताहरु, सूचना प्रविधिमा भएको क्रान्तिको समग्र प्रभावका साथै आजको उत्पादन शक्ति र उत्पादन सम्वन्धको वस्तुवादी आँकलन गरेर तथा हाम्रो आफ्नै आर्थिक, राजनैतिक र सामाजिक विकासको ठोस अवस्थालाई ठोस रुपमा विश्लेषण र संश्लेषण गरेर मात्र विचारमा विकास र स्पष्टता हासिल गर्न सकिन्छ । विकासको वर्तमान अन्तर्राष्ट्रिय र राष्ट्रिय परिस्थितिमा उभिएर सही विचारधारा र राजनैतिक कार्यदिशाका आधारमा क्रान्तिकारी पार्टी र क्रान्तिकारी रुपान्तरणको ठोस आधार प्रस्तुत गर्ने चुनौति हाम्रो अगाडि छ ।

२१ औं शताब्दीमा विश्वकै पछिल्लो क्रान्तिकारी आन्दोलनको नेतृत्वकर्ताका हैसियतले जनतामा रहेको कम्युनिष्ट आन्दोलन प्रतिको भरोसाका दृष्टिले तथा विभिन्न अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरुका बीचको अन्तरविरोधको केन्द्रीकरणको विशेष स्थिति समेतका कारण क्रान्तिकारी विचार, पार्टी र आन्दोलनको विकासको अवसर र चुनौति दुबै हाम्रा अगाडि छन् । विगतको निर्मम आत्मसमिक्षा, वर्तमानको वस्तुवादी विश्लेषणका आधारमा समाजवादी क्रान्तिको भविष्यको स्पष्ट रुपरेखा खिच्न सकिन्छ । हाम्रो यो आठौं राष्ट्रिय महाधिवेशनले आफ्नो मुख्य ध्यान विचार संश्लेषणको त्यहि ऐतिहासिक कार्यभार पुरा गर्ने कुरामा दिनेछ । महान् जनयुद्ध, ऐतिहासिक संयुक्त जन-आन्दोलन, मधेस आन्दोलन लगायत

सम्पूर्ण उत्पीडित समुदायका आन्दोलनका अमर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै, बेपत्ता एवं घाइते योद्धाहरु प्रति हार्दिक सम्मान गर्दै र उहाँहरुका परिवारजन प्रति उच्च सम्मान सहितको यो ऐतिहासिक आठौं राष्ट्रिय महाधिवेशन सहिदहरुको सपना पुरा गर्न निरन्तर अगाडि बढ्ने प्रतिज्ञा गर्दछ ।

## २. संक्षिप्त पृष्ठभूमि सहित वर्तमान परिस्थितिको समीक्षा

### (क) अन्तर्राष्ट्रिय परिस्थितिको समीक्षा

मानव जातिको विकास र सिर्जनासँग श्रमको अविछिन्न सम्वन्ध रहेको हुन्छ भन्ने तथ्य अब विज्ञानको स्वयंसिद्ध तथ्य जत्तिकै स्पष्ट छ । यसका साथै मानव जातिको जीवन यात्राको विकासक्रम पनि श्रम र उत्पादनका उपकरणहरुको विकास क्रमसँग जोडिएको तथ्य पनि वैज्ञानिक रुपले प्रमाणित भएको तथ्य हो । सिकार खेल्नका लागि ढुंगाका हतियारको आविस्कारबाट शुरु भएको श्रम शक्ति र उत्पादन उपकरणको विकास प्रक्रिया आगोको आविस्कार हुँदै आज सेटलाइट र डिजिटल सूचनाको युगसम्म आइपुगेको छ । मानव जातिको इतिहासलाई यसरी उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकास क्रमसँग जोडेर हेर्ने कुरा नै ऐतिहासिक भौतिकवादको वैज्ञानिक सारतत्व हो ।

वस्तुतः आदिम साम्यवाददेखि दासयुग, सामन्तवादी युग र पूँजीवादी युगसम्मको यात्रा मात्र होइन समाजवाद र साम्यवादसम्मको यात्राको आँकलन पनि यसै ऐतिहासिक भौतिकवादी विज्ञानको आधारमा गरिएको हो । आज मानव समाज साम्राज्यवाद र सर्वहारा क्रान्तिकै युगमा छ । श्रम र पूँजी बीच, समाजवाद र पूँजीवादका बीचमा साम्राज्यवादी गुटहरुका बीचमा तथा साम्राज्यवाद र उत्पीडित राष्ट्रहरुका बीचका आधारभूत अन्तरविरोध अहिले पनि कायमै छन् । समग्रतामा आज पनि साम्राज्यवाद र उत्पीडित राष्ट्रहरुका बीचको अन्तरविरोध नै प्रमुख अन्तरविरोधका रुपमा रहेको छ । तथापि पूँजीवादको विकासको अनिवार्य परिणतीका रुपमा आएको साम्राज्यवादको पतन र सर्वहारा क्रान्तिको विजय छिट्टै हुनसक्ने १९ औं शताब्दीको प्रारम्भिक चरणमा जुन आँकलन तात्कालिन परिस्थितिमा साम्राज्यवादी गुटहरुका बीचको अन्तरविरोध र मजदूर आन्दोलनको विकासका दृष्टिले गरिएको थियो । त्यो आँकलन उही रुपमा अगाडि बढ्न सम्भव भएन । अपितु साम्राज्यवादी पूँजीवादले नयाँनयाँ रुप धारण गर्दै आफ्नो आयु लम्बाई नै रहेको छ । आफ्नो विकासको

प्रारम्भिक चरणमा प्रतिष्पर्धात्मक औद्योगिक पूँजीवादका रुपमा देखिएको पूँजीवादले दोस्रो
चरणमा साम्राज्यवाद अर्थात एकाधिकार पूँजीवादको रुप धारण गऱ्यो भने अहिले तेस्रो
चरणमा यो भू-मण्डलीकृत वित्तिय एकाधिकार पूँजीवादका रुपमा प्रकट भइरहेको छ ।

पूँजीवादका विरुद्ध समाजवादको संघर्षका दृष्टिले हेर्दा पहिलो चरणमा यो द्वन्द्वात्मक
तथा ऐतिहासिक भौतिकवादका रुपमा वैज्ञानिक समाजवादको विचार संश्लेषणको रह्यो ।
यो विचार संश्लेषण कार्ल मार्क्स र फ्रेडरिक ऐङ्गल्सले प्रकृति, समाज र मानवजातिको
गहिरो अध्ययन र अठारौं शताब्दीमा तात्कालिन युरोपमा विकसित भइरहेको औद्योगिक
पूँजीवादका विरुद्धको मजदूर आन्दोलन समेतको जगमा उभिएर गरिएको थियो । पूँजीवादका
विरुद्ध समाजवादको विजयका लागि मार्क्सवादका रुपमा द्वन्द्वात्मक तथा ऐतिहासिक
भौतिकवादी विज्ञानको आविस्कार एउटा यस्तो युगान्तकारी आविस्कार हो जसले श्रमिक
वर्ग र मानवजाति कै लागि समाजवाद र साम्यवादको स्वर्णीम भविष्यका निमित्त संघर्षको
दिशानिर्देश गर्ने वैज्ञानिक हतियार प्रदान गऱ्यो । दोस्रो चरणमा समाजवाद, साम्राज्यवादी
पूँजीवादका विरुद्ध वैचारिक, राजनैतिक एवं ठोस वर्ग संघर्षका दृष्टिले समेत निकै आक्रमण
र विजय उन्मुख अवस्थामा देखा पऱ्यो । विभिन्न साम्राज्यवादी गुटहरु आ-आफ्नो पूँजीवादी
स्वार्थका लागि पहिलो र दोस्रो विश्व युद्धमा होमिएर करोडौं मानिसहरुको संहार गरिएको
त्यो परिस्थितिमा कमरेड लेनिनद्वारा साम्राज्यवादी पूँजीवाद निहित अन्तरविरोधको गहन
अध्ययन सहित साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगबारे नयाँ विचारधारात्मक संश्लेषण
प्रस्तुत गरियो । मार्क्सवादका आधारभूत सिद्धान्तको निर्देशन एवं १९ औं शताब्दीको पहिलो
चरणसम्म विकसित वर्ग-संघर्ष एवं विज्ञानको विकास समेतको गहन विश्लेषण र
संश्लेषणका आधारमा पहिलो विश्व युद्धका बीचमा कमरेड लेनिनकै नेतृत्वमा रुसमा
समाजवादी क्रान्ति सफल भयो । लेनिनवादका रुपमा स्थापित साम्राज्यवाद र सर्वहारा
क्रान्तिको युग सम्बन्धी नयाँ विचार संश्लेषणले विश्वभरि क्रान्तिका लागि नयाँ आधार र
उर्जा प्रदान गऱ्यो । लेनिनले विकसित पूँजीवादी देशहरुका लागि मात्र होइन अविकसित
किसान बहुल एवं उपनिवेशवादको शिकार रहेका देशहरुका निमित्त समेत पूँजीवादी
जनवादी क्रान्ति र समाजवादी क्रान्ति अगाडि बढाउने सन्दर्भमा ऐतिहासिक महत्वका
सैद्धान्तिक प्रस्तावनाहरु अगाडि सार्नु भयो ।

मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तको निर्देशन एवं दोस्रो विश्व-युद्धको
विशिष्ट परिस्थितिमा कमरेड माओत्सेतुङको नेतृत्वमा चिनियाँ कम्युनिष्ट पार्टीले सामन्तवाद
र साम्राज्यवादका विरुद्ध नयाँ पूँजीवादी जनवादी क्रान्ति सम्पन्न गऱ्यो । र लगत्तै
समाजवादी क्रान्तिको दिशामा अगाडि बढ्यो । उपनिवेशवाद र सामन्ती उत्पीडनको शिकार
रहेका विशाल ग्रामिण इलाकाहरुका किसानहरुलाई मजदूर वर्गको नेतृत्वमा क्रान्तिमा सामेल

गराएर कमरेड माओको नेतृत्वमा सफल भएको चिनियां क्रान्तिले विश्वकै शक्ति सन्तुलनलाई समाजवादको पक्षमा ल्याउन ठूलो योगदान गर्‍यो । यससंगै पूर्वी युरोपका समाजवादी देशहरु एवं कोरिया, क्यूबा, भियतनाम लगायतका देशहरुको क्रान्तिको सफलताले नयां शक्ति सन्तुलनको स्थितिलाई स्पष्ट गर्दछ ।

उपरोक्त परिस्थितिमा प्रत्यक्ष वर्ग संघर्षबाट समाजवादको विजय अभियानलाई रोक्न असमर्थ र असम्भव भएपछि पूंजीवादले मजदूर आन्दोलनमा फुट पार्ने तथा कम्युनिष्ट पार्टी भित्रै आफ्ना दलाल तयार पार्ने षडयन्त्रलाई पुरै शक्तिका साथ र नियोजित रुपमा अगाडि बढाउनुका साथै आ-आफ्ना देशमा संभावित क्रान्ति रोक्न समाजवादका कयौं लोकप्रिय योजना आफै लागु गर्ने काम समेत गर्न थाले । रुसमा लेनिनको अवसान पछि समाजवाद निर्माणको सन्दर्भमा कमरेड स्तालिनबाट हुन गएका वर्ग-संघर्ष र वैचारिक संघर्षका बीचको सम्बन्धका विषयमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादसंग मेल नखाने मनोगत र अधिभूतवादी कतिपय कमजोरीका कारण पनि पार्टीभित्र गुलत तत्व लुकेर बस्ने अवसर प्राप्त गरेको देखिन्छ । कमरेड स्तालिनको अवसान पछि ती लुकेर बसेका अवसरवादीहरुले समाजवाद र कम्युनिष्ट पार्टीलाई आवरणका रुपमा प्रयोग गरेर पूंजीवादी प्रतिक्रान्तिको अभ्यास शुरु गरे ।

रुसमा देखिएको प्रतिक्रान्तिको अनुभव समेतलाई गहिरो अध्ययन गरी कमरेड माओले समाजवादी चरणमा वर्ग-संघर्षको स्थितिबारे गम्भीर विश्लेषण गर्नुभयो । रुसमा पूंजीवादको पुन:स्थापनासंगै आफ्नै पार्टी भित्र देखापरेका गलत विचार र प्रवृतिका विरुद्ध संघर्ष समेतको संश्लेषण गर्दै समाजवादमा वर्ग-संघर्ष र क्रान्तिको निरन्तरता सम्बन्धी महत्वपूर्ण सैद्धान्तिक प्रस्तावनाहरु अघि सार्नुभयो । यसरी कमरेड माओका योगदानकै कारण मार्क्सवाद-लेनिनवाद, मालेमावादमा विकसित हुन पुग्यो ।

उपरोक्त ऐतिहासिक सन्दर्भ र पृष्ठभूमिमा आजको कम्युनिष्ट क्रान्तिकारीहरुका अगाडि कमरेड माओको निधन पश्चात सोभियत संघ र पूर्वी युरोपका देशहरुमा कथित समाजवादको औपचारिक विघटन एवं भूमण्डलीकृत वित्तिय एकाधिकार पूंजीवादको हमला समेतका कारण रक्षात्मक स्थितिमा धकेलिएको समाजवादी आन्दोलनलाई कसरी अगाडि बढाउने भन्ने अहम् प्रश्न रहेको छ । मा.ले.मा. को सैद्धान्तिक दिशा निर्देशनमा भूमण्डलीकृत वित्तिय एकाधिकार पूंजीवादको विशेषताहरु, विज्ञान प्रविधि मुख्यतः सूचना प्रविधिमा भएको क्रान्तिले उत्पादक शक्ति र उत्पादन सम्बन्धको विकासमा परेको प्रभाव समेतको वस्तुवादी विश्लेषणका आधारमा आजको कम्युनिष्ट क्रान्तिकारीहरुले नयां चरणको समाजवादी क्रान्तिका लागि नयां विचारको विकास र परिमार्जन गर्नु अनिवार्य छ । अर्को भाषामा प्रतिक्रान्तिका अनुभवसहित मार्क्सवादको श्रृजनात्मक विकास र परिमार्जन

आवश्यक छ । प्रतिश्पर्धात्मक औद्योगिक पूँजीवादको चरणमा बैंक र वित्तिय संस्थाहरुको भूमिका उत्पादनका निमित्त पूँजी लगानी गर्ने सहयोगी संस्थाहरुका रुपमा थिए । तर, आजको भूमण्डलीकृत वित्तिय पूँजीवादको चरणमा बैंक र वित्तिय संस्थाहरुको त्यो भूमिकामा परिवर्तन आएको छ। पूँजीपतिहरुको हातमा अत्यधिक केन्द्रीकरण भएको अत्यधिक पूँजीलाई उत्पादनको क्षेत्रमा नभई मुख्यतः वित्तिय क्षेत्रमा लगानी गरी छोटो समयमा अत्यधिक मुनाफा लिनु नै वित्तिय पूँजीवादको प्रमुख विशेषता हो । उत्पादनको क्षेत्रमा लगानी गरेर नाफा कमाउने पहिलेको मुद्रा-माल-मुद्राको स्थान अब मुद्रा लगानी गरेर सिधै मुद्रै कमाउने प्रक्रियाले लिएको छ ।

दोस्रो विश्वयुद्ध पछि अमेरिका र बेलायतले पहिले शुरु गरेको वित्त क्षेत्रमा पूँजी लगानी गर्ने यो प्रक्रिया आज विश्वका सबै धनी देशहरुको आमचरित्र बनेको छ । उत्पादनमूलक क्षेत्रबाट वित्त क्षेत्रमा पूँजी पलायन हुनाले समाजमा बेरोजगारीका साथै विभिन्न प्रकारका संकट उत्पन्न भएका छन् । वित्त क्षेत्रमा पूँजी पलायन हुनुको मुख्य कारण पूँजीपतिहरुको छोटो समयमा धेरैभन्दा धेरै नाफा कमाउने अतृप्त भोक नै हो । उत्पादनका क्षेत्रमा लगानी गर्दा समय धेरै मेहनत पनि धेरै गर्नुपर्ने, मजदूर आन्दोलनको सामना गर्नुपर्ने नाफा पनि कम आउने कारणले नै पूँजीपतिहरुले अरुको सम्पत्ति हडपेर छोटो समयमा अकूत सम्पत्ति आर्जन गर्न नै पूँजीलाई शेयर बजार, मुद्रा बजार, धितोपत्र खरिद बिक्री तथा घरजग्गा किनबेचमा लगानी गर्न थालेका हुन् । यस सन्दर्भमा नेकपाको राजनैतिक प्रतिवेदनका पृष्ठसंख्या ३ मा निम्न निश्कर्ष यहाँ सान्दर्भिक छ, "मुठ्ठीभर पूँजीवादी घरानाहरुका हातमा पूँजीको अत्यधिक संकेन्द्रण, वित्तिय एकाधिकार पूँजीमार्फत नवऔपनिवेशिक शोषण, विश्व वित्तिय संस्थाहरु र बहुराष्ट्रिय निगमहरुमार्फत् विश्व अर्थव्यवस्थालाई आफ्नो नियन्त्रणमा ल्याउने प्रयास, नवउदारवादी विचारधारा, व्यक्तिवाद र उपभोक्तवादलाई प्रश्रय एवम् विश्वलाई पूँजीवादी माल र मनोरञ्जनको बजार बनाउनु यसका विशेषताका रुपमा रहेका छन् । अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरु मार्फत विश्वव्यापी रुपमै निजीकरण, उदारीकरण र भूमण्डलीकरणको वर्चश्व कायम गर्ने प्रयास भइरहेको छ । औद्योगिक तयारी वस्तुहरुको निर्यातभन्दा पनि वित्तिय पूँजीको निर्यातमा जोड दिँदै बहुराष्ट्रिय निगमहरु मार्फत विश्वव्यापी वित्तिय एकाधिकार कायम गर्ने प्रयास भइरहेको छ। अर्थतन्त्रको निर्धारक तत्व खुला बजारलाई बनाउँदै राज्यलाई नियमनकारी संस्थाको रुपमा सीमित गर्न खोजिएको छ। सुरक्षित श्रमको सट्टा करार, ज्यालादारी र आउट सोर्सिङ्गमार्फत श्रमजीवि वर्गलाई विभाजित, असुरक्षित र पराश्रित बनाइएको छ । विज्ञान र प्रविधिमार्फत विश्वले आर्जन गरेको प्रगतिबाट लाभान्वित हुन बहुसंख्यक जनता बञ्चित छन् । आजको विश्व वित्तिय पूँजीवादले विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरुका माध्यमबाट वित्तिय एकाधिकारका दलालहरुको सञ्जाल तयार गरी नयाँ प्रकारको नवऔपनिवेशिक प्रणाली थोपर्ने प्रयास गरिरहेको छ ।

पूँजीवाद र साम्राज्यवादको नवीनतम् अभिव्यक्तिका रुपमा विश्व वित्तिय पूँजीवादले आज विश्व श्रमिक समुदाय र उत्पीडित राष्ट्रहरुमाथि शोषणका नयाँ र सूक्ष्म रुपहरु थोपरिरहेको छ।" *(नेकपा राजनैतिक प्रतिवेदन, पृष्ठ संख्या- ३)*

भूमण्डलीकृत साम्राज्यवाद र वित्तिय पूँजीवादलाई सही साबित गर्न पूँजीवादी "विचारक"हरुले नवउदारवादको नीति अघि सारेका छन् । प्रत्यक्ष हस्तक्षेपको परिणाम राम्रो नहुने अनुभव दुई विश्व युद्धबाट हासिल गरेका विभिन्न साम्राज्यवादी गुटहरुले अप्रत्यक्ष हस्तक्षेप नै उपयुक्त हुने निश्कर्ष निकाले । त्यस अनुसार आपसमा मिलेर एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका गरीब देशहरुको दोहन गर्ने नीति लिन थाले । निजीकरण र उदारीकरणको पक्षपोषणं गर्ने नवउदारवादलाई यो सन्दर्भमा साम्राज्यवादले आफ्नो हतियारका रुपमा प्रयोग गरिरहेको छ । नवउदारवादी अर्थशास्त्रीहरुले सूचना, संचार, यातायातमा भएको अभूतपूर्व विकासले विश्वका देशहरुलाई यसरी जोडेको छ कि "अब राष्ट्रियताको घेरा भित्र खुम्चिएर एक्लै अर्थतन्त्रको विकास गर्न सकिंदैन, प्रत्येक देशले आफूलाई अन्तर्राष्ट्रिय बजारसँग जोड्नु पर्दछ, उदारवादी अर्थनीति अपनाउनु पर्दछ र सिमानाका बार बन्देज भत्काएर निर्वाध रुपमा पूँजी र माल सामानलाई आवत-जावत गर्न दिनु पर्दछ" भन्ने गर्दछन् ।

आश्चर्य त के छ भने यस्तो प्रचार गर्ने पूँजीवादी देशहरु स्वयं भने त्यो नीति लागु गर्दैनन् । आफ्ना लागि त उनीहरु संरक्षणवादको आडमा देशको अर्थतन्त्र अझ बलियो बनाउने काममा लागि परेका छन् । निजीकरण र उदारीकरणको कुरा त केवल विश्वका गरीब देशहरुको अपार प्राकृतिक श्रोत र सस्तो श्रमशक्तिको दोहन गर्ने प्रयोग गरिएको केमोल्फज मात्र हो । वस्तुतः आज विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठन, नाटो जस्ता संयन्त्रका सञ्चालक सबैमा विश्वका ठूल्ठूला एकाधिकार पूँजीपतिहरु नै रहेका छन् ।

सूचना, सञ्चार र यातायातमा भएको विकासलाई वित्तिय पूँजीवादले उत्पादनलाई विकेन्द्रीकृत रुपमा जहाँ सस्तो श्रम र साधन उपलब्ध हुन्छ त्यहि गर्ने गरेको छ। नेटवर्क र साइबरको विकासले गर्दा बहुराष्ट्रिय कम्पनीहरुले एउटा वस्तुको उत्पादन एकै ठाउँमा नगरी एउटा ब्राण्ड र मोडलका माल सामान विश्वका विभिन्न ठाउँमा गर्न थालेका छन् । आजभोलि त कम्पनीहरुले विभिन्न देशका साना कम्पनीहरुलाई एउटै सामानका अलग पाटपूर्जा उत्पादन गर्न लगाई अर्के एक ठाउँमा जोडजाड गरेर बजारमा पठाउने काम पनि गर्न थालेका छन् । उत्पादन लागत घटाउन र बजारको सुनिश्चितताका लागि यसो गर्ने गरिएको छ । वित्तिय पूँजीवाद अन्तर्गत उपरोक्त प्रक्रियाबाट पूँजीको चरम केन्द्रीकरण भयो । पूँजीको यो चरम केन्द्रीकरणबाट उत्साहित भएका पूँजीवादी अर्थशास्त्रीहरुले अब

पूँजीवादको विश्वव्यापी अभियानलाई रोक्ने कुनै तागत छैन, पूँजीको बाटोमा आइपर्ने सारा बन्देजहरु भत्काइएको निकै होहल्ला गरे । विज्ञान र प्रविधिमा भएको विकासलाई नव उदारवादी पूँजीवादका प्रवक्ताहरुले भूमण्डलीकृत पूँजीवादको अर्थात् आजको सन्दर्भमा वित्तिय एकाधिकार पूँजीवादको औचित्य पुष्टीको प्रमाणका रुपमा प्रस्तुत गर्ने कुचेष्टा गरिरहेका छन् । जवकि वास्तविक धरातलमा भने विज्ञान प्रविधि मुख्यत: सूचना, सञ्चार र यातायातमा भएको अभूतपूर्व विकासले धनी र गरीबका बीचको खाडललाई विश्वव्यापी रुपमा चर्काएर विश्व समाजवादी क्रान्तिको वस्तुगत आधारलाई नै बलियो पारिरहेको छ ।

नवउदारवादीहरुको प्रचारवाजी चलिरहँदा पुँजीबजारमा अन्तर्निहित अन्तरविरोधका कारण वित्तिय पूँजीवादको कथित सुधार भयानक संकटका रुपमा विस्फोट भयो । पूँजीको अत्यधिक केन्द्रीकरण, अनियन्त्रित बजार व्यवस्था र विभिन्न शक्ति राष्ट्र एवं बहुराष्ट्रिय निगमहरुका बीचमा नाफाका लागि हानथाप, आदि कारणले पूँजीवादी अर्थशास्त्रीहरुले 'रामवाण' का रुपमा प्रचार गरेको निजीकरण, उदारीकरणको नवउदारवादी बेलुनको हावा खुस्कियो । विश्वमा पहिला कहिल्यै नदेखिएको आर्थिक मन्दीको चपेटामा स्वयं साम्राज्यवादी देशहरु नै पर्न गए । "सन् २००८ बाट शुरु भएको विश्वव्यापी आर्थिक मन्दीबाट पश्चिमका कतिपय मुलुकहरु अझैं बाहिर निस्कन सकेका छैनन् । कैयौं वित्तिय संस्था, घरजग्गा कारोबार (रियल स्टेट) कम्पनीहरु, उद्योगहरु टाट पल्टिएका छन् । सङ्कटकै कारण कतिपय मुलुकमा सरकार परिवर्तन भएका छन् । राज्यले अर्बौं लगानी गरेर त्यस्ता व्यवसायलाई उद्धार गर्न खोजे पनि समस्या कायमै छ । सीमित पुँजीपतिहरुको स्वार्थ रक्षाका लागि ती देशका सरकारहरुले मितव्ययिता का नाममा शुरु गरेको खर्च कटौती, सामाजिक सुरक्षामा नियन्त्रण र मजदुर तथा कर्मचारीहरुको निस्कासनले गम्भीर सामाजिक समस्या उत्पन्न गर्दै लगेको छ ।" ***(नेकपाको राजनैतिक प्रतिवेदन, पृष्ठसंख्या-५ )***

यो आर्थिक संकटसँगै विश्वव्यापी रुपमा आर्थिक, सामाजिक समस्याका विरुद्ध विभिन्न स्वरुपका आन्दोलनहरु भएका छन् । स्वयं संयुक्त राज्य अमेरिकामा नै 'वाल स्ट्रीट कब्जा गर', 'पूँजीवाद संकटमा छ' भन्ने नारा घन्किए । त्यो आन्दोलन दर्जनौं पूँजीवादी देशका झण्डै ९०० शहरमा फैलियो । स्कूल कलेजका हजारौं छात्रछात्रहरु आन्दोलनमा सरिक भए । यो संकटसँगै तथाकथित एक ध्रुवीय विश्वको साम्राज्यवादी सपना पुरा नहुने यथार्थ स्पष्ट भएको छ । विश्व झन् तिब्रतामा बहुध्रुवीय बन्दै गएको छ । हालै अमेरिकी रक्षा मन्त्रालयले सार्वजनिक गरेको अभिव्यक्तिले अमेरिका थप युद्धमा सम्लग्न रहने स्पष्ट संकेत गरेको छ । रक्षा मन्त्रालयले दिएको जानकारी हेर्दा शीतयुद्धकालिन मानसिकताका साथ चीन र रुससँगको प्रतिश्पर्धालाई अमेरिकाले चर्काएर लान खोजेको छ । वाइडन प्रशासनले अमेरिका र चीन बीचको संघर्ष लोकतन्त्र र निरङ्कुशताको लडाईंको रुपमा

लिएको छ । रक्षा मन्त्रालयको समीक्षामा लेखिएको छ, "हिन्द प्रशान्त क्षेत्रमा यस समीक्षाले साझेदार र सहयोगीहरुसँग थप सहकार्य गर्न निर्देशन दिएको छ" भन्ने कुरा स्पष्ट उल्लेख छ । हिन्द प्रशान्त क्षेत्रमा चीनलाई रोक्नका लागि अमेरिकाले बेलायत र अष्ट्रेलियासँग विशेष सैन्य साझेदारी गर्नुका साथै विभिन्न देशमा सैन्य अड्डा बढाउने र सुदृढ गर्ने योजना बनाएको छ । आज अमेरिकाले भारतसँगको सम्बन्धलाई सुदृढ गर्नुका पछाडि पनि त्यहि रणनीतिले काम गरेको छ । वास्तवमा आज अमेरिका आफू मात्र नभई आफ्ना साझेदारहरुलाई पनि युद्धमा होम्ने तयारी गरिरहेको संकेत देखिएको छ । नयाँ शीतयुद्धका रुपमा देखा परेको यो परिघटनाले नयाँ युद्धलाई जन्म दिएर साम्राज्यवादले आफ्नो संकटमोचनको दिशामा अगाडि बढ्दैन भन्न सकिने स्थिति छैन ।

आज विशुद्ध पूँजीवादी मुनाफाका लागि अन्धाधुन्ध खोलिएका कलकारखानाबाट निस्किने धुवाँले व्यापक मात्रामा वायुमण्डललाई प्रदुषित गरेको छ । आधुनिक खेतीका नाममा प्रयोग गरिएका जैविक इन्धनबाट चल्ने मेसिनहरुको प्रयोग, रासायनिक मल, कीटनाशक औषधीको प्रयोग आदिले समेत वातावरणलाई प्रदुषित गर्दै वायु मण्डलमा अत्यधिक कार्वन उत्सर्जन गरिरहेका छन् । वन विनाशको प्रक्रिया अनियन्त्रित छ । यातायातका साधनहरुको प्रयोगबाट निस्किने कार्वन समेतका कारण पृथ्वीको तापक्रमको वृद्धिले जलवायु परिवर्तनको गम्भीर समस्या उत्पन्न भएको छ । चौतर्फि पर्यावरण विनाशको प्रक्रियाका कारण भइरहेको तापक्रममा वृद्धि र जलवायु परिवर्तनको तीब्रताले पृथ्वीकै संरचनामाथि खतरा उत्पन्न भएको छ । जमिनको मरुभूमिकरण बढ्दो छ, पिउने पानीका मुहानहरु सुक्दै छन्, महासागरमा पानीको तापक्रम पनि बढ्दो छ, प्रकृतिका वरदान कयौं जडीबुटी स्थानीय नश्लका जीवजन्तु र महासागरका कयौं प्राणीहरु लोप हुँदै गएका छन् । तापक्रमको वृद्धिको असरले अन्टार्कटिका र ग्रीनल्याण्डमा रहेका वरफका तहहरु पग्लदै गएर सामुद्रिक सतह बढ्न थालेको छ जसले गर्दा समुद्रको किनारमा रहेका देशहरु डुब्ने खतरा उत्पन्न भएको छ । हिमालय पर्वत श्रृङ्खलाबाट हिउँ पग्लने प्रक्रियाको कारण यसका वरिपरि रहेका देशहरुको मौसम र पर्यावरणमा अस्वाभाविक परिवर्तन भएर प्रकृति, जीवजन्तु र मानिसहरुकै भविष्य खतरामा परिरहेको छ ।

सिधा र स्पष्ट छ कि प्रकृति र मानव जातिमाथि देखा पर्दै र बढ्दै गएका उपरोक्त प्रकारका संकटहरुको प्रमुख कारण पूँजीवादको उत्पादन र वितरण प्रणाली नै हो । पूँजीवादी उत्पादन प्रणालीको मुख्य उत्प्रेरक जसरी भए पनि बढीभन्दा बढी नाफा कमाउनु हो । यो प्रणालीले उत्पादन प्रक्रियामा प्रकृति, समाज र मानव जातिलाई हुने हानी नोक्सानीबारे हिसाब गरेर योजनावद्ध विकासमा होइन नाफाका निमित्त मात्र अराजक उत्पादनमा ध्यान दिने भएकाले आज यो संकट आइपरेको छ । अतः आज कम्युनिष्ट आन्दोलन र लोकतान्त्रिक

शक्तिहरुले अत्यन्त गम्भीरतापूर्वक अध्ययन गर्नुपर्ने र साम्राज्यवादी उत्पादन प्रणालीका विरुद्ध समुदाय र राष्ट्रियतांको हितमा प्रकृति र पर्यावरणको संरक्षण गर्ने मुद्दालाई विश्वव्यापी अभियानको नेतृत्व लिन जोड गर्नु पर्दछ ।

उपरोक्त विश्लेषणबाट निस्किने निम्न निश्कर्षलाई गम्भीरतापूर्वक आत्मसात गरी अगाडि बढ्ने नयाँ सङ्कल्प लिनु आजका कम्युनिष्ट क्रान्तिकारीहरुको ऐतिहासिक दायित्व हो ।

(क) भूमण्डलीकृत सामाज्यवाद र वित्तिय पूँजीवादीको र प्रकृति र मानवजातिको हित विरोधी चरित्रको व्यापक खण्डन, आलोचना र भण्डाफोर गर्दै २१ औं शताब्दीमा नयाँ समाजवादी क्रान्तिको अनिवार्यताबारे निरन्तर, व्यवस्थित र योजनावद्ध रुपमा जन-समुदायमा प्रचार गर्ने ।

(ख) मा.ले.मा. को आधारभूत सिद्धान्तको निर्देशनमा सबै खाले जडता, यान्त्रिकता र आत्मसमर्पणवादका विरुद्ध सशक्त विचारधारात्मक संघर्ष चलाउँदै वित्तिय एकाधिकार पूँजीवादका रुपमा प्रकट भइरहेको भूमण्डलीकृत साम्राज्यवादका विरुद्ध प्रतिक्रान्तिका अनुभवहरुको समीक्षा सहित "२१ औं शताब्दीको नयाँ समाजवाद" लाई नयाँ विचारको रुपमा विकसित र स्थापित गर्न जोड गर्नु पर्दछ ।

३. आजको साम्रज्यवादले स्थानीय स्तरमा गएर आदिवासी र स्थानीय समुदायको प्राकृतिक साधन स्रोतदेखि हक र पहिचान माथि हमला गरिरहेको कुरालाई स्पष्ट गर्दै व्यापक रुपमा स्थानीय सामुदायिक मोर्चा कायम गरी प्राकृतिक साधन, श्रोतमाथि स्थानीय जन-समुदायको अधिकार कायम गर्न तथा समुदायको आर्थिक राजनैतिक र सांस्कृतिक पहिचान र अधिकार स्थापना गर्ने अभियानलाई तीब्रता दिनु पर्दछ ।

४. राष्ट्रिय् सीमा भत्कियो भन्ने नवउदारवादीहरुको प्रचारका विरुद्ध आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रका विकास तथा वित्तिय एकताधिकार पूँजीवादको पक्षपोषण गर्ने, दलाल-नोकरशाही पूँजीवादका विरुद्धको संघर्षलाई नयाँ उचाईमा उठाउँदै राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई अगाडि बढाउनु पर्दछ ।

**(ख) संक्षिप्त ऐतिहासिक पृष्ठभूमि र राष्ट्रिय राजनैतिक परिस्थितिः-**

प्राकृतिक र भौगोलिक रुपले स्वच्छ एवं उर्वर भूखण्ड नेपालमा आदिम कालदेखि नै मानव सभ्यता र समाजको विकास भएको तथ्य वैदिक, वाङ्गमय, उपनिषद् साहित्य, त्रिपिटकहरु, सुत्रसहित एवम् विभिन्न काव्य ग्रन्थहरुबाट मात्र होइन अपितु आधुनिक वैज्ञानिक अनुसन्धानबाट समेत प्रमाणित भएका छन् । सन् १९८० मा गरिएको वैज्ञानिक

अन्वेषणबाट पाल्पा दोभानको तिनाउ नदी किनारमा भेटिएको दाँतको अवशेषको व्यालिओम्याग्नेटिक विधिबाट अमेरिकामा विशेष परीक्षण गर्दा १ करोड १० लाख वर्ष पुरानो भन्ने प्रमाणित भएको छ । यसबाट स्पष्ट हुन्छ कि नेपाल परापूर्वकालदेखि नै मानव सभ्यताको विकासको आदि थलो हो ।

फिरन्ते युगबाट जबजब समाज पशुपालनको युगमा प्रवेश गर्‍यो त्यति बेलादेखि नै नेपालका विभिन्न भू-भागमा कविलाई गणराज्यहरुको विकास हुन थालेको देखिन्छ । उत्पादक शक्तिको विकास प्रक्रियामा पशुपालनबाट खेतिपाती र सामान्य बन्द व्यापार हुँदै त्यसप्रकारका गणराज्यहरुको विकास र विस्तार हुँदै आएको पाइन्छ । पहाडी भू-भागको पहिलो र बलियो गणराज्यका रुपमा स्थापित किरांत गणराज्यमाथि दक्षिणबाट मगध साम्राज्यसँग पराजित लिच्छवीहरुको हमला र विजय पश्चात प्रारम्भिक रुपमा गणराज्यहरु क्रमशः वंश परम्परामा चल्ने सामन्ती राजा रजौंटामा परिणत हुँदै गए । उत्पादक शक्तिको विकाससँगै पहिलेका प्रकृति पुजक कविलाई गणराज्यहरु (जसमा मातृसत्ताको प्रचुरता भेटिन्छ) क्रमशः विभिन्न वंशका राजा रजौंटा हुँदै बाइसे/चौविसे राज्यसम्म विकास भएको हो । इतिहासको ऐतिहासिक भौतिकवादी व्याख्याले मात्र वर्तमानलाई बुझ्न र भविष्यमा जनताको हित गर्न वैज्ञानिक मार्ग प्रशस्त गर्न सकिने विश्वासका साथ कमरेड पुष्पलालले 'नेपालमा मातृसत्तात्मक समाज' लेख्नुभएको हो । उहाँले सो पुस्तकमा भन्नुभएको छ, "नेपालमा आदिम युगमा मातृसत्तात्मक समाज थियो । मातृसत्तात्मक समाजको अस्तित्वलाई मान्नुको मतलव आदिम साम्यवादी समाजको अस्तित्वलाई मान्नु हुन्छ । यो सिद्ध भएपछि आजसम्म हामीमा रहेको यो गलत धारणा समाप्त हुन्छ कि नेपालको इतिहास मञ्जुश्री अथवा ने मुनिबाट शुरु भएको हो । सबैभन्दा ठूलो कुरा त नेपालको इतिहासलाई पारलौकिक शक्ति पुराण तथा धार्मिक दृष्टिकोणबाट मुक्त गरि ऐतिहासिक भौतिकवादको स्तरमा बढाउँदछ । यसै दृष्टिकोण अनुसार नेपालको इतिहासको खोजी गरेमा हामी आफ्नो वास्तविक राष्ट्रिय परम्परा पत्ता लगाउन सक्ने छौं र नेपालमा देखिएका प्रत्येक प्राचिन संस्थाहरुको भौतिकवादी व्याख्या दिन सक्ने छौं र राष्ट्रिय एकतालाई बलियो पार्ने खँदिलो आधा तयार गर्न सक्दछौं ।" यो नै इतिहासको अध्ययन गर्ने सही दृष्टिकोण हो । सामन्ती शासकहरुले नेपालको लामो समयदेखि इतिहासलाई राजा महाराजाको र दैवीशक्तिको धार्मिक अन्धताका रुपमा व्याख्या गर्दै आएका छन् । यसको ठीक विपरित भौतिकवादी विज्ञानले इतिहासलाई निश्चित देशकालमा विकसित भएको निश्चित उत्पादन प्रणालीसँग जोडेर हेर्न सिकाउँदछ ।

त्यस अनुसार नेपालमा रहेका भुरे टाकुरे राज्यहरु उत्पादक शक्तिको विकासमा बाधक बन्दै गएपछि नै एउटै विशाल नेपालको निर्माणको वस्तुगत आधार तयार भएको हो

। वस्तुत: पृथ्वीनारायण शाहको राज्य विस्तार अभियान सफलताका पछाडि मुख्य रुपमा यहि वस्तुगत ऐतिहासिक आवश्यकताले काम गरेको छ । जब एकात्मक, केन्द्रीकृत र बलियो एउटै नेपाल राज्य बन्यो त्यतिबेलादेखि सामन्तवादको प्रतिनिधिका रुपमा वंश परम्परामा आधारित सामन्ती सत्ता विकसित भयो । यस प्रकारको सामन्ती सत्ता आफ्नो निरङ्कुश र भ्रष्ट चरित्रका कारण क्रमश: जनतासँग अलग्गिदै र उत्पादक शक्तिको विकासको बाधक बन्दै गयो । विकासको पछिल्लो चरणमा राजतन्त्र र राणाशाही शासनका रुपमा देखा परेको सामन्तवादी शासकका विरुद्ध एकातिर उत्पादक शक्तिको विकासको आवश्यकताका कारण र अर्कोतिर सामन्तवादका विरुद्ध विश्वव्यापी रुपमा चलिरहेको पूँजीवादी क्रान्तिको लहरको प्रभाव समेत मिलेर नेपालमा पनि निरङ्कुश सामन्ती शासकका विरुद्ध जन-संघर्ष र विद्रोहका आवाज उठ्न थाले । यसै ऐतिहासिक सन्दर्भमा नै जहाँनिया राणा शासनका विरुद्ध तथा कुख्यात सुनौली सन्धी पश्चात बढेर गएको वैदेशिक हस्तक्षेपका विरुद्ध संघर्षको शंखघोष गर्दै नेपाल कम्युनिष्ट पार्टी, नेपाली कांग्रेस लगायतका राजनैतिक दलहरु स्थापना गरिए । यसरी नेपाल सामन्तवाद र साम्राज्यवादका विरुद्ध जनवादी क्रान्तिको नयाँ युगमा प्रवेश गर्‍यो । २००७ सालमा जहाँनिया राणा शासनको अन्त्य सामन्ती जमिन्दारहरुका विरुद्ध ठूलठूला विकास संघर्षहरु ०१७ सालमा जनतामाथि थोपरिएको निरङ्कुश र निर्दलीय पञ्चायती शासन विरुद्ध ३० वर्षसम्म चलेका सानाठूला सशस्त्र र शान्तिपूर्ण आन्दोलनका श्रृङ्खलासहित पञ्चायती तानाशाहीको अन्त्य गर्ने ०४६ सालको ऐतिहासिक जनआन्दोलन सामन्तवादका विरुद्ध योजनावद्ध र सशक्त विद्रोहको प्रतिनिधित्व गर्ने १० वर्षको महान् जनयुद्ध, जन-युद्ध र शान्तिपूर्ण जन-आन्दोलनको समायोजनमा अगाडि बढेको १९ दिने संयुक्त जन-आन्दोलन, विस्तृत शान्ति सम्झौता, संविधान-सभाको निर्वाचन र धर्म निरपेक्ष समावेशी-समानुपातिक संघीय लोकतान्त्रिक गणतान्त्रिक गणतन्त्रको घोषणासम्म आइपुग्दा नेपालमा सामन्तवादको राजनैतिक प्रतिनिधित्वका रुपमा सयौं वर्षदेखि शासन गर्दै आएको राजतन्त्र समेत सामन्तवाद माथि आधारभूत रुपले नेपाली जनताको विजय भयो ।

नेपाली जनताको यो विजय विश्वमा कुनै पनि देशका क्रान्तिका मोडेलहरुको नक्कलका रुपमा होइन अपितु निकै मौलिक र जीवन्त रुपमा सफल हुन गएको तथ्यमा पार्टीको धारणा स्पष्ट हुन जरुरी छ । आत्मगत रुपमा पार्टीको चाहना सामान्तवाद र साम्राज्यवादका विरुद्धको पूँजीवादी जनवादी क्रान्ति कमरेड माओले भने झै समाजवादी क्रान्तिको अंग रहने, नयाँ जनवादी क्रान्तिका रुपमा सम्पन्न गर्ने रहेको भए पनि वास्तविक जीवनमा नेपाली पूँजीवादी जनवादी क्रान्तिले आफ्नै मौलिक रुप विकसित गर्‍यो । क्रान्तिको नेतृत्वमा कम्युनिष्ट पार्टीको महत्वपूर्ण भूमिकासहित र बुर्जुवा वर्गलाई समेत नेतृत्वको हिस्सा दिएर सामन्तवाद त्यसको राजनैतिक प्रणालीमाथि आधारभूत विजय हासिल गरिएको उदाहरण अन्यत्र पाउन सकिँदैन । यहि नै नेपाली पूँजीवादी जनवादी क्रान्तिको

मौलिकता र विशेषता हो । यहि मौलिकता र विशेषतामा टेकेर नै समाजवाद उन्मुख, समावेशी र समानुपातिक संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान घोषणा भएको हो । यहि मौलिकता र विशेषतामा नै अबको नयाँ समाजवादी क्रान्तिका रणनीतिका चुनौति र अवसर अन्तर्निहित रहेका छन् । बुर्जुवा वर्गसँग सम्झौता गरेर प्राप्त गरिएको यो सफलता भित्र समाजवादी क्रान्तिको नयाँ रणनीति अन्तर्गत सामन्तवादका अवशेषका विरुद्धको तथा राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई समेत जोडेर अगाडि बढाउनु पर्ने आवश्यकता अन्तर्निहित रहेको छ । यसको अर्थ हुन्छ कि नेपाली समाजवादी क्रान्तिको विचार, रणनीति र कार्यनीति निकै मौलिक, विशिष्ट र चुनौतिपूर्ण हुनेछ । हामीले दलाल नोकरशाही पूँजीवादका विरुद्ध संघर्ष गर्दै स्वाधीन र आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको मूल नीति अन्तर्गत राष्ट्रिय पूँजीको विकास गर्न सहकारी, निजी, सार्वजनिक क्षेत्रको बीचमा सहकार्य गर्दै जनतामा सामाजिक न्याय र समृद्धिको प्रत्याभूत सहित समाजवाद उन्मुख संक्रमणकालिन कार्यनीतिको श्रृङ्खला पार गर्नु पर्दछ ।

आज देशको राजनैतिक परिस्थितिमा रहेका सम्भावना र चुनौति वर्तमान संविधानलाई रक्षा र विकास गर्दै समाजवाद उन्मुख यात्रा प्रारम्भ गर्ने वा संविधानमा रहेको प्रगतिशील र जनपक्षीय चरित्रलाई र अन्ततः संविधानलाई नै खारेज गरेर प्रतिगामी यात्रा तिर लाग्ने भन्ने प्रश्नमा केन्द्रित भएका छन् । क्रान्तिमा पराजित सामन्ती तत्वहरु दलाल नोकरशाही पूँजीपतिहरु र तिनको पक्षपोषण एवं प्रतिनिधित्व गर्ने राजनैतिक दलहरु संविधान खारेज गराउने षडयन्त्रमा लागि रहेका छन् भने कम्युनिष्ट क्रान्तिकारी देखि राष्ट्रिय स्वाधीनताका पक्षधर देशभक्त र लोकतान्त्रिक शक्तिहरु संविधानको रक्षा र परिमार्जनको पक्षमा अगाडि बढिरहेका छन् । यहि वर्गीय राजनैतिक अन्तरविरोधको बीचबाट आजको नेपाली समाज अगाडि बढिरहेको छ ।

असंवैधानिक र निरङ्कुश तवरबाट पटक-पटक प्रतिनिधि सभाको घिटन गर्ने संविधान र ऐनको व्यवस्था विपरित राजनैतिक दलहरुलाई विभाजन गर्नेदेखि संवैधानिक र अन्य महत्वपूर्ण नियुक्ति गरेर अस्थिरता र अराजकतालाई मलजल गर्ने, संघीयताको मर्म र भावना विपरितका क्रियाकलापहरु गर्ने, संविधान, ऐन र अदालतको निर्णयलाई चुनौति दिंदै अनाहकमा प्रतिनिधि सभाको बैठक गर्ने अवरुद्ध, संविधानद्वारा स्थापित लोकतान्त्रिक प्रणालीका विरुद्ध निरङ्कुश राजतन्त्रको पुनर्स्थापनाको हल्ला गर्ने आदि जस्ता कामहरु नै प्रतिगामी तत्वहरुले चलाइरहेका गतिविधिहरु हुन् । त्यसको ठीक विपरित संविधान, लोकतन्त्र र राष्ट्रियताको रक्षाका निमित्त 'वाम' लोकतान्त्रिक शक्तिहरु मोर्चावद्ध रुपमा अगाडि बढेर सफल पनि हुँदै गइरहेका छन् । तथापि आज पनि देशभित्र र बाहिरका प्रतिक्रियावादी शक्तिहरुले आफ्नो प्रतिगामी षडयन्त्रलाई नयाँनयाँ रुपमा अगाडि बढाउने

जमर्को गरि नै रहेका छन् । कहिले कार्यपालिका त कहिले व्यवस्थापिक कहिले न्यायपालिका त कहिले धार्मिक सहिष्णुता माथि हमला गरेर अस्थिरता सिर्जना गर्ने र देशलाई प्रतिगमनको अँध्यारो सुरुङ्गमा हाल्ने प्रतिक्रियावादी कसरत रोकिएको छैन । उपरोक्त पृष्ठभूमिका हामीले निम्न अनुसार अगाडि बढ्नु पर्दछ ।

(क) परिवर्तनको प्रमुख वाहक हुनुको नाताले सबैभन्दा पहिले हामीले आफ्नै पार्टीलाई वैचारिक, राजनैतिक, सांगठनिक र सांस्कृतिक रुपले बलियो पार्न र जनसम्बन्धलाई घनिष्ठ पार्न जोड लगाउनुको विकल्प छैन भन्ने ऐतिहासिक यथार्थलाई दह्रोसँग आत्मसात गर्नु पर्दछ । प्रतिक्रियावादी र प्रतिगामी शक्तिका जुनसुकै षडयन्त्रको सशक्त प्रतिवादका लागि सडक, सदन र सरकारको तीनवटै मोर्चालाई प्रभावकारी बनाउन जोड गर्नु पर्दछ । यी तीन वटै मोर्चा मध्ये राष्ट्र र जनताको हितसँग शक्तिशाली रुपले जोडिने मोर्चा अन्ततः सडककै मोर्चा हो भन्ने यथार्थलाई कम्युनिष्ट क्रान्तिकारीहरुले दह्रोसँग समातेर त्यसको तयारीमा लाग्नु पर्दछ । सडकबाट नै क्रान्ति र परिवर्तन सम्भव भएको तथा मुख्यरुपमा सडकबाट नै प्रतिनिधि सभा विघटन गर्ने प्रतिक्रियावादी षडयन्त्र विफल भएको तथ्यलाई कहिल्यै बिर्सन हुँदैन । सुदृढ पार्टी, व्यापक जन संगठन, घनिष्ट जन-सम्बन्ध एवं राष्ट्र र जनताका निमित्त कठोर संघर्षको तयारी नै हाम्रो विजयको प्रमुख आधार हुन् ।

(ख) प्रत्यक्ष वा परोक्ष वैदेशिक प्रतिक्रियावादी दवाब हस्तक्षेपका विरुद्ध राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई निरन्तर अगाडि बढाएर मात्र जनवादी क्रान्तिका बाँकी कार्यभार पुरा गर्दै समाजवादी क्रान्तिको रणनैतिक आधार तयार पार्न सकिन्छ । आन्तरिक राष्ट्रियतालाई सुदृढ गर्न विभिन्न उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायका जनताको पहिचान र अधिकारलाई स्थापित गरेर मात्र वाह्य हस्तक्षेपका विरुद्ध लड्न सकिन्छ ।

(ग) आजको ठोस राजनैतिक परिस्थितिमा संविधान, लोकतान्त्रिक गणतन्त्र एवं राष्ट्रिय स्वाधीनताको रक्षाका मुद्धामा समान विचार राख्ने वामपन्थी र लोकतान्त्रिक राजनैतिक दलहरुका साथै सम्पूर्ण देशभक्त र जनपक्षीय शक्तिहरुसँग व्यापक संयुक्त मोर्चा कायम गरी प्रतिगामी र प्रतिक्रान्तिकारी शक्तिका विरुद्ध संघर्षको तयारीलाई गम्भीरतापूर्वक अगाडि बढाइरहनु पर्दछ ।

(घ) समाजवादी आर्थिक आधार तयार पार्न समाजवाद उन्मुख आर्थिक नीति जसमा सामाजिक न्याय सहित सहकारी, सार्वजनिक र निजी क्षेत्रको समन्वयमा अगाडि बढाउन ठोस नीति, योजना र कार्यक्रमको विकास गर्न जरुरी छ । स्थानीय र समुदायको तहदेखि उत्पादन र श्रमको व्यवस्थापनका लागि तथा सांस्कृतिक रुपान्तरणको योजनाद्वारा जन-

चेतना विकास गर्न उत्पादन, श्रम र संस्कृतिको संयोजन गर्न विशेष संरचना सहित ठोस योजना र कार्यक्रम बन्नु पर्दछ ।

## ३. विज्ञान-प्रविधिको विकास र समाजवादको औचित्य

गति र परिवर्तनको अनन्त प्रवाहमा रहने प्रकृति, समाज मानव चिन्तनलाई विकासको ठोस अवस्था अनुसार ठोस विश्लेषण गर्ने माग मार्क्सवादले गर्दछ । इतिहासको विकासक्रमको भौतिकवादी व्याख्या मात्र होइन समकालिन विश्वको उत्पादन प्रणाली र विज्ञान-प्रविधिमा भएको विकासको समग्र अन्तरसम्वन्धलाई अध्ययन विश्लेषण गरेर नै मार्क्सवादले द्वन्द्वत्मक तथा ऐतिहासिक भौतिकवाद, वर्ग-संघर्ष वैज्ञानिक समाजवादको संश्लेषण गरेको हो । विज्ञान हुनको नाताले मार्क्सवादले परिवर्तनको आयामहरुको ठोस अध्ययनका आधारमा त्यसको विकास र परिमार्जनको अनिवार्यताको माग गर्दछ । उत्पादन शक्तिको विकासमा विज्ञान-प्रविधिको विकासको सम्बन्धबारे मार्क्सवादले सुस्पष्ट प्रस्थापनाहरु अगाडि सारेको छ ।

आज हामीले २१ औं शताब्दीमा विसौं शताब्दीका प्रतिक्रान्तिका अनुभव सहित मार्क्सवादी विज्ञानको विकासको चुनौतीको सामना गरिरहेका छौं । अत: हाम्रो ध्यान एकातिर आजको विश्वमा उत्पादन शक्तिको विकासको अवस्था, विज्ञान-प्रविधिको विकासले त्यसमा पारेको प्रभावका साथै उत्पादक सम्बन्धमा त्यसको सामन्जस्यता र अन्तरविरोधको अध्ययन गर्न जरुरी छ ।

आइन्स्टाइनको सापेक्षतावादको सिद्धान्त र क्वान्टम् मेकानिक्स (सुक्ष्म-भौतिकी) को आविस्कारसँगै प्रत्येक वस्तु, उत्पादन र विज्ञानका सबै शाखाहरुको सुक्ष्म अनुसन्धानको प्रक्रियालाई निकै तिब्रता प्रदान गऱ्यो । २१ औं शताब्दीको प्रारम्भिक चरणसम्म आइपुग्दा त्यो कम्प्युटर विज्ञानको क्षेत्रमा विशेष केन्द्रित हुँदै सूचना-प्रविधिमा असाधारण क्रान्ति ल्यायो । 5G टेक्नोलोजीदेखि साइबर सेक्युरिटी र कृत्रिमा इन्टेलिजेन्ससम्मको विकासका कारण मानिसले गर्ने भौतिक र मानसिक श्रमको समयलाई गुणात्मक रुपले घाटाई दिएको छ । नानो प्रविधिको विकासले कम्प्युटर विज्ञानको क्षेत्रमा मात्र नभएर मानव जीवनका सबै क्षेत्रमा गुणात्मक प्रभाव पारेको छ । २१ औं शताब्दीको प्रारम्भमा भएको यो प्रविधिको विकास विसौं शताब्दीको अन्त्य तिर भएको सूचना-प्रविधिको क्रान्तिभन्दा कयौं गुना प्रभावकारी र आधुनिक छ । यस सन्दर्भमा कृषि उत्पादनको विकास र अनुसन्धानमा एग्रिकल्चर रोबोटिक्सले महत्वपूर्ण भूमिका खेलिरहेको छ । भने, कृषि ड्रोनहरुले उत्पादन र परीक्षणमा प्रभाव पारिरहेको छ । स्वास्थ्य क्षेत्रमा नानो मेडिसिनसम्मको अनुसन्धान र

विकासले नयाँ फड्को मारेको छ । भौतिक पूर्वाधार विकासको क्षेत्रमा समेत नयाँ प्रविधिको विकासले निकै सहज, सरल, सुरक्षित, छिटो र छरितो बनाइदिएको छ ।

"त्यसैगरि वास्तुकला, कपडा उत्पादन, फेसन डिजाइनिङ्ग, विभिन्न धातुहरुको उत्खनन र प्रशोधन, जीवस्म इन्धनको उत्पादन र प्रशोधन, पृथ्वीको भित्री सहतमा रहेका रासायनिक पदार्थको सहज उत्खनन् प्रशोधन र प्रयोग, शंहरीकरण र बजारको विस्तार, उर्जाको सञ्चिति, जल विद्युत आयोजनाहरुको निर्माण र विद्युत उत्पादन, सौर्य उर्जाको प्रयोग, नवीकरणीय उर्जा, वायु उर्जाको साथै फोहोर प्रशोधनका माध्यमबाट उर्जा उत्पादनको काम....", चिकित्सा विज्ञान, आधुनिक हतियार उत्पादन, यातायात, शिक्षमा इ-लर्निङ्ग लगायत मानव जीवन र उत्पादन प्रक्रियामा प्रत्यक्ष असर बार्ने अनगिन्ती रुपमा प्रविधिको प्रयोग भइरहेको छ । विभिन्न किसिमको रोवोर्टहरुले मानिसको भौतिक श्रमलाई मात्र होइन मानसिक श्रमलाई समेत सहयोग गर्न थालेका छन् । मेसिनहरुको सञ्चालनदेखि भौतिक रासायनिक र गणितका अनगिन्ती समस्याहरुको समाधानमा समेत रोबोर्टले काम गर्न थालेका छन् । यस सन्दर्भमा पूँजीवादी दार्शनिक युवन नोआ हरारे सम्मले कृत्रिम वौद्धिकताको सीमाहीन विकासले मानिस र सफट्वेयर सञ्चालित मेसिन एकअर्काका पुरक होइन बरु एकले अर्कालाई विस्थापित गर्ने खतरा प्रति सचेत गराएका छन् ।

विज्ञान-प्रविधिको अभूतपूर्व विकासले मानवीय श्रम शक्तिको प्रभावकारिता सहित उत्पादक शक्तिको विकासमा गुणत्मक योगदान अवश्य गरेको छ । तर सापेक्षतावादको सिद्धान्तको आविस्कारले द्वन्द्वत्मक तथा ऐतिहासिक भौतिकवाद र वैज्ञानिक समाजवादको सिद्धान्तलाई थप पुष्टि गरेको कुरा स्वयं अल्वर्ट आइन्सटाईनले नै स्वीकार गरेका थिए । यसैगरि क्वान्टम मेकानिक्सदेखि आजको डिजिटल युगसम्मका कुनै पनि विज्ञान प्रविधिका आविस्कारले द्वन्द्वात्मक भौतिकवाद गलत सावित गर्न सकेका छैनन् बरु त्यसको थप पुष्टी र विकासलाई नै प्रमाणित गरेका छन् ।

यहाँनेर हामीले ध्यान दिनुपर्ने कुरा के छ भने विज्ञान प्रविधिको क्षेत्र पनि वर्ग-संघर्ष र उत्पादक शक्तिको विकासको आवश्यकताबाट अछुतो छैन । पहिले देखि र अहिले पनि पूँजीवादले वैज्ञानिकहरुलाई त्यस प्रकारको अनुसन्धानका लागि लगानी र प्रोत्साहित गर्दछन् । जुन आविस्कारले उनीहरुलाई छिटोभन्दा छिटो र बढीभन्दा बढी मुनाफा कमाउन मद्दत गर्दछन् । पूँजीपतिहरुमा अन्तर्निहित यहि नैसर्गिक मुनाफाको भोकका कारण विज्ञान प्रविधिको नयाँ नयाँ आविस्कारलाई उनीहरुले प्रकृति, समाज र मानव हितको संरक्षणमा होइन त्यसको विनासका लागि प्रयोग गरिरहेका छन् । पर्यावरण विनासले पृथ्वीको तापक्रममा वृद्धि, हिमाल र हिमपात पग्लने र समुन्द्र सतहमा वृद्धिका कारण पृथ्वीको अस्तित्व नै संकटमा पर्दै गएको छ । यसबाट के स्पष्ट हुन्छ भने जवसम्म विज्ञान प्रविधिका

आविस्कारहरु पूंजीपतिहरुको हातमा नाफा कमाउन सहयोग गर्ने साधनका रुपमा प्रयोग हुन्छन् तिनले प्रकृति, समाज र मानवजातिको हितमा स्वत: काम गर्न सक्दैनन् । भूमण्डलीकृत साम्राज्यवाद र वित्तिय पूंजीवादले विज्ञान-प्रविधिको प्रयोगबाट उत्पादक शक्तिको विकास गरी अत्यधिक नाफा केन्द्रित गरे पनि उत्पादन सम्बन्धका दृष्टिले धनी र गरिबका बीचको खाडल झन् भयानक बन्न गएको तथ्य स्वयम् पूंजीवादी अर्थशास्त्रीहरुले नै स्वीकार गरेका छन् ।

आज वर्गीय अन्तरविरोध यति विराल भएको छ कि जसको तुलना इतिहासको कुनै पनि कालखण्डसँग गर्न सकिँदैन । यदि विश्वका १०० जना मात्र धन कुबेरहरु मिलेर खरिद गर्न चाहेमा विश्व नै खरिद गर्न सक्ने भयाव्रह स्थिति आज बनेको छ । संसारको कूल जनसंख्याको झण्डै ७५ प्रतिशत जनता अल्प विकसित र विकाशील देशहरुमा रहेका छन् जसको साथमा संसारको कूल सम्पत्तिको १५ प्रतिशत मात्र रहेको छ । झण्डै ८५ प्रतिशत सम्पत्ति २५ प्रतिशत जनसंख्या रहेका धनी देशहरुमा केन्द्रित छ । त्यो सम्पत्तिको अत्यन्त ठूलो हिस्सा तिनै धनी देशका पनि सिमित धनाढ्यहरुको कब्जामा रहेको छ ।

तलको तथ्याङ्कले विश्वका १० प्रमुख धनकुबेरहरुका हातमा केन्द्रित सम्पतिको विवरण प्रस्तुत गरेको छ ।

<u>विलियन अमेरिकी डलरमा</u>

| क्र.स. | नाम | देश | कूल सम्पत्ति | लगानीको मुख्य क्षेत्र |
|---|---|---|---|---|
| १. | बेर्नार्ड अर्नल्ट | फ्रान्स | १८६.३ | ७० ब्राण्डका व्यापारी |
| २. | जेफट वेनोस | अमेरिका | १८६.० | अमेजन कम्पनीका मालिक |
| ३. | एलोन मस्क | बेलायत | १४७.३ | इलेक्ट्रिक कार र रकेट |
| ४. | विल गेटेस् | अमेरिका | १२५.५ | सफ्टवेयर कम्पनीका मालिक |
| ५. | मार्क जुकर वर्ग | अमेरिका | ११४.७ | फेसबुक कम्पनीका मालिक |
| ६. | वरेन वफेट | अमेरिका | १०८.७ | बहुक्षेत्रका लगानीकर्ता |
| ७. | ल्यारी एरिसन | अमेरिका | १०२.३ | सफ्टवेयर कम्पनीका मालिक |
| ८. | ल्यारी पेज | अमेरिका | १००.२ | गुगलका संस्थापक |
| ९. | सर्गेइ ब्रिन | अमेरिका | ९७.१ | सफ्टवेयर कम्पनीका मालिक |
| १०. | अमान्सिओ ओर्टेगा | स्पेन | ८९.० | लत्ता तथा खाद्य व्यापारी |

*स्रोत: समाजवादी क्रान्तिको कार्यदिशाबाट*

यसैगरि धनी देशहरुले प्रकृति र मानवीय संरक्षणमा खर्चिनु पर्ने बजेटको ठूलो हिस्सा हातहतियार र सैन्य शक्तिको विकासमा खर्च गरिरहेका छन् । पहिलो र दोस्रो विश्वयुद्धको अनुभवबाट तेस्रो विश्वयुद्ध रोक्न प्रयत्न गरिए पनि साम्राज्यवादी गुटहरुका बीचमा प्रतिशपर्धा रोकिएको छैन । शीतयुद्धको समाप्ती पछि पनि NATO मार्फत विश्वमा विभिन्न प्रकृतिका युद्ध र हिंसा थोपर्ने, कठपुलती सरकार निर्माण गर्ने, प्रकृतिक स्रोत र मानव श्रम लुट्ने प्रक्रिया भने चलिरहेकै छ । यसका साथै अन्य विभिन्न देशहरुमा विभिन्न सैन्य सम्झौता र गठबन्धन बनाएर आ-आफ्नो प्रभाव विस्तारका निमित्त उनीहरु आपसमा प्रतिशपर्धा गरिरहेका छन् । तत्काल त्यो प्रतिशपर्धा विस्फोट भएर विश्व-युद्धकै रुप लिने सम्भावना नदेखिए पनि क्षेत्रीय, राष्ट्रिय र स्थानीय तहमा थोपरिएका साना-ठूला युद्ध एवं विभिन्न साम्राज्यवादी गुटहरुका बीचमा नाफाका निमित्त हुने अस्वस्थ प्रतिशपर्धाले कुनै पनि बेला ठूलो रुप लिन सक्ने कुरालाई ध्यान दिएर तथा आफ्नो प्रभुत्व र एकाधिकार कायम राख्ने अन्तिम अस्त्र सैन्य शक्ति नै हो भन्ने आफ्नो चरित्रका कारण शक्ति राष्ट्रहरुले सैन्य क्षेत्रमा ठूलो लगानी गरिरहेका छन् । मानव अधिकारको 'संरक्षण' र आणविक हतियार माथि 'नियन्त्रण' का नाममा अल्पविकसित र विकासशील देशहरुको सार्वभौमिकतालाई कुल्चदै सैनिक र जहाजी बेडाहरु राख्ने गरिरहेकै छन् । ठूल्ठूला बहुराष्ट्रिय निगम मार्फत अमेरिकाले नै कम्प्युटर माइक्रो इलेक्ट्रोनिक्स, स्वचालित उपकरण, हवाइजहाज, आदि माथि एकाधिकार कायम गर्न सैन्य बजेट र विश्वका विभिन्न देशहरुमा सैनिक अड्डा कायम गर्न सर्वाधिक ठूलो धनराशी खर्च गरेको छ । विश्वका ७० देशमा अमेरिकाको सैनिक सञ्जाल फैलिएको छ । आफ्नो साम्रज्यवादी स्वार्थ पुरा गर्न उनीहरुले नियोजित रुपमा जातिय दंगा, हिंसात्मक भिडन्त र स्थानीय युद्ध थोपरेर व्यापक रुपमा हतियार बिक्री गर्ने गरेका अनगिन्ती तथ्यहरु छन् ।

विश्वका निम्न ११ देशहरुले सुरक्षा सैन्य क्षेत्रमा गरेको लगानीको विवरणले पूँजीको कति ठूलो हिस्सा लगाइएको छ भन्ने तथ्य स्पष्ट हुन आउँछ।

| क्र.स. | देश | सैन्य बजेट विलियन डलरमा | अग्रपंक्तिको सेना | आणविक हतियार | ट्याङ्क | सैन्य विमान | पनडुब्बी |
|---|---|---|---|---|---|---|---|
| १. | अमेरिका | ६०१.० | १४,००,००० | ६८०० | ८८४८ | १३८९२ | ७२ |
| २. | रुस | ८४.५ | ७६६०५५ | ७००० | १५३९८ | ३४२९ | ५५ |
| ३. | चीन | २१६ | २३३३००० | २६० | ९१५० | २८६० | ६७ |
| ४. | जापान | ४१.६ | २४७१७३ | - | ६७८ | १६१३ | ६१ |
| ५. | भारत | ५०.० | १३२५००० | १२० | ६४६४ | १९०५ | १५ |
| ६. | फ्रान्स | ६२.३ | २०२७६१ | ३०० | ४२३ | १२६४ | १० |
| ७. | दक्षिण कोरिया | ६२.३ | ६२४४६५ | - | २३८१ | १४१२ | १३ |
| ८. | इटाली | ४३.० | ३२०००० | - | ५८६ | ७६० | ६ |
| ९. | बेलायत | ६०.५ | १४६९८० | २१५ | ४०७ | ९३६ | १० |
| १०. | टर्की | १८.२ | ४१०५०० | - | ३७७८ | १०२० | १३ |
| ११. | पकिस्तान | ७.० | ६१७००० | १४० | २९२४ | ९१४ | ८ |

माथि गरिएको विज्ञान-प्रविधिको विकासले उत्पादक शक्ति उत्पादन-सम्बन्ध र वर्ग-संघर्षमा परेको असरका बारे गरिएको सामान्य अवलोकनबाट मात्र पनि हामी निम्न वस्तुवादी निश्कर्षमा पुग्न सक्दछौं-

(क) सापेक्षतावादको सिद्धान्त, क्वान्टम मेकानिक्स, सूचना प्रविधिको क्रान्ति र डिजिटल युगको प्रारम्भ सम्मका कुनै पनि वैज्ञानिक आविस्कारले द्वन्द्वत्मक तथा ऐतिहासिक भौतिकवादको मार्क्सवादी विज्ञानलाई विस्तापन होइन अपितु त्यसको वैज्ञानिकतालाई प्रमाणित गर्दै त्यो विज्ञानको थप विकास र परिमार्जनमा योगदान गरका छन्। विज्ञान-प्रविधिको नयाँ विकासले मार्क्सवादका आधाभूत प्रस्थापनाहरुलाई गलत सावित गरे भन्ने वुर्जवा वुद्धिजीविहरुको प्रचार विल्कुल झुटो हो

(ख) विज्ञान-प्रविधिको अभूतपूर्व विकासले उत्पादक शक्तिदाई गुणात्मक रुपले विकसित अवस्य गराएको छ तर पूँजीवादले त्यसको प्रयोग प्रकृति, समाज र मानव हितका

पक्षमा होइन नाफा कमाउने साधनका रुपमा गर्ने हुँदा उत्पादन सम्बन्धसँग उत्पादक शक्तिको विश्वव्यापि र तीब्र अन्तरविरोधलाई बढाएका छन् । उत्पादक शक्तिको नयाँ विकासले वस्तुत: र अन्तत: समाजवादी क्रान्तिको वस्तुगत आधारलाई नै परिपक्व बनाएको छ । विकासको आवश्यकताले उत्पादन सम्बन्धमा क्रान्ति अनिवार्य बनाएको छ । अत: विज्ञान-प्रविधिको विकासले अब समाजवादी क्रान्तिलाई अनावश्यक र असंभव बनाएको छ भन्ने नवउदारवादी पूँजीवादहिरुको प्रचारलाई गलत सावित गरेको छ ।

(ग) विज्ञानका नयाँ आविस्कारहरुको पूँजीवादी दुरुपयोगका कारण धनी र गरीबको बीचको खाडललाई पुर्ने होइन झन् भयानक फराकिलो पार्ने काम गरेकाले वर्ग-संघर्ष र वैज्ञानिक समाजवादको आवश्यकता बारेका मार्क्सवादी प्रस्थापनाहरुलाई झन् सही सावित गरेका छन् । विश्वव्यापि वर्ग-अन्तरविरोधलाई तीब्र पारेर पूँजीवादले समाजवादी क्रान्तिको नयाँ लहरलाई अनिवार्य बनाएको छ । अत: आजका माक्सवादी क्रान्तिकारीहरुका अगाडि वस्तुगत रुपले परिपक्व बन्दै गएको समाजवादी क्रान्तिको आधारमा टेकेर आत्मगत शक्तिको विकासका लागि वैचारिक-राजनैतिक कार्यदिशा त्यस अनुसारको विशिष्ट संगठनात्मक संरचना र कार्यशैली, रणनीति, कार्यनीतिको तर्जुमा गर्ने चुनौति स्वीकार गर्नु पर्दछ ।

(घ) विज्ञान-प्रविधिको पूँजीवादी दुरुपयोगका कारण पर्यावरण विनास, जलवायु परिवर्तन, पृथ्वीको तापकक्रममा निरन्तर भइरहेको वृद्धि, हिमालय र अन्यत्रको हिमपात पत्नाने क्रमबाट भइरहेको समुद्री सतहको वृद्धि, अत्यधिक कार्वन उत्सर्जनको कारण वायुमण्डलमा भंइरहेको प्रदुषण र त्यसले निम्त्याउका नयाँ रोग-व्याधिहरुले पूँजीवादी उत्पादन प्रणालीका विरुद्ध विश्वव्यापि मोर्चा बनाएर पर्यावरण, धर्ती र मानव जातिको रक्षाका निमित्त अगाडि बढ्न अनिवार्य भएको छ । समाजवादले मात्र प्रकृति, समाज र मानव जातिको हित संरक्षणमा योजनावद्ध विकास गर्न सक्दछ भन्ने तथ्यलाई स्थानीय तहदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म स्थापित गर्ने अवसरलाई कम्युनिष्ट क्रान्तिकारीहरुले दृढतापूर्वक सदुपयोग गर्नुपर्दछ ।

## ४. पार्टी इतिहासको संक्षिप्त सिंहावलोकन

लेनिनको जन्म दिन पारेर २२ अप्रिल १९४९ मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना हुनुलाई हामीले दूरगामी महत्वको ऐतिहासिक परिघटनाका रुपमा लिएका छौं । कमरेड पुष्पलालको विशेष पहल र नेतृत्वमा स्थापना भएको यो पार्टीले आफ्नो विकासक्रममा वर्ग-संघर्ष, विचारधारात्मक संघर्ष र अन्तरसंघर्षका अनेकौं श्रृङ्खला पार गरेको छ । आफैं भित्र विकास भएको प्रवृतिगत राजनैतिक संघर्षको शत्रुता एवं अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा चर्केको महाविवादको असर समेतका कारण २०१९ सालको तेस्रो महाधिवेशन पछि पार्टीको एकीकृत स्वरुप बाँकी रहेन । विभिन्न टुक्रामा विभाजित भई विभिन्न इलाकाहरुमा सिमित र क्रियाशील हुन पुगेका समूहहरुले कम्युनिष्ट आन्दोलनलाई जीवित राख्न भने महत्वपूर्ण भूमिका खेलि नै रहे । सामन्ती राजतन्त्रका अगाडि सम्पूर्ण रुपले आत्मसमर्पण गरेको रायमाझी गुट बाहेक अन्य समूहरुले कुनै न कुनै रुपमा कम्युनिष्ट आन्दोलन र वर्ग-संघर्षलाई अगाडि बढाउने योगदान गरि नै रहे । त्यो प्रक्रिया भित्रबाट निश्चित विचार, राजनैतिक कार्यदिशा, नीति, योजना र कार्यक्रमका आधारमा पार्टीलाई एकीकृत र केन्द्रीकृत गर्ने प्रयासहरु अगाडि बढे । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा चलेको महाविवादका सन्दर्भमा नेपाली कम्युनिष्ट आन्दोलनको मूलधार, रुसी संशोधनवादका विरुद्ध र अध्यक्ष माओ र चिनियाँ कम्युनिष्ट पार्टीको क्रान्तिकारी धारको पक्षमा दृढतापूर्वक खडा भयो । यो परिघटना स्वयं नै नेपाली कम्युनिष्ट आन्दोलनमा दूरगामी प्रभाव पार्ने सकारात्मक परिघटना हो । महाविवादका सन्दर्भमा क्रान्तिकारी धाराको पक्ष पोषण गर्ने क्रान्तिकारीहरु कै पहलमा केन्द्रीय रुपमा पार्टी पूनर्गठनका प्रयासहरु अगाडि बढे । यी प्रयासहरु मध्ये पहिलो प्रयास २०२५ सालमा संस्थापक नेता कमरेड पुष्पलालको नेतृत्वमा अगाडि बढ्यो । कमरेड पुष्पलालसँग केही पूर्वाग्रह र केही राजनैतिक मतभेद सहित कमरेड मोहन विक्रम सिंह र कमरेड निर्मल लामाको मुख्य नेतृत्वमा २०२८ सालमा केन्द्रीय न्यूक्लस् मार्फत पार्टी पूनर्गठनको अर्को प्रयास अगाडि आयो । २०२८ सालमै झापा विद्रोह र कोर्डिनेशन केन्द्रका रुपमा उग्र-वामपन्थी नारा दिँदै पार्टी पूनर्गठनको अर्को प्रयास गरियो । यी प्रयासहरु अगाडि बढ्दै जाँदा क्रमशः ने.क.पा.पुष्पलाल समूह, ने.क.पा. चौ.म. र ने.क.पा. मालेका रुपमा स्थापित हुन पुगे । आपसी विचारधारात्मक र राजनैतिक संघर्ष, एकता, विभाजन र रुपान्तरणको प्रक्रिया सहित ०४६ सालको ऐतिहासिक जनआन्दोलनमा सहकार्यमा सम्लग्न हुन पुगे । पंचायती निरंकुशता विरोधी आन्दोलनको सफलतासँगै कम्युनिष्ट आन्दोलनमा एकता र धुवीकरणको प्रक्रिया तीब्र बन्यो । परिणामस्वरुप विभिन्न माओवादी समूहहरु मुख्यतः तात्कालिन ने.क.पा. (मशाल), ने. क.पा. (चौ.म.) सर्वहारावादी श्रमिक संगठन र ने. क.पा. (मसाल) को एउटा हिस्सामा मिलेर ने.क.पा. (एकता केन्द्र) बन्यो भने अर्कोतिर ने.क.पा. (माले) र ने.क.पा. (मार्क्सवादी) मिलेर ने.क.पा. (एमाले) बन्यो । ने.क.पा. (एकता

केन्द्र)ले तात्कालिन अवस्थामा माओवादी क्रान्तिकारी धाराको तथा ने. क.पा. (एमाले)ले शान्तिपूर्ण संसदीय धाराको प्रतिनिधित्व गरेका थिए । तीव्र विचारधारात्मक र राजनैतिक संघर्षका बीचबाट अगाडि बढेका दुवै समूह मध्ये ने.क.पा. (एकता केन्द्र) भित्र तत्काल सशस्त्र संघर्षको तयारीलाई प्राथमिकता दिने वा जन-संघर्षलाई प्राथमिकता दिने भन्ने मूल कार्यनैतिक विषयमा मतभेदका कारण पुनः विभाजित हुन पुग्यो । विभाजित एउटा पक्ष ने.क.पा (माओवादी)का रुपमा महान् जनयुद्धको ऐतिहासिक पहलमा अगाडि बढ्यो भने अर्को पक्ष शान्तिपूर्ण संघर्षलाई नै प्राथमिकता दिएर ने.क.पा.(एकता-केन्द्र) कै रुपमा अगाडि बढ्यो । हाम्रो पार्टी इतिहासको चर्चा गर्दा तात्कालिक ने.क.पा. (माओवादी) को सान्दर्भिक पक्षको चर्चा उपयुक्त हुन्छ ।

२०५२ साल फाल्गुण १ गते ने.क.पा. (माओवादी) को नेतृत्वमा घोषणा गरिएको जनयुद्ध नेपाली कम्युनिष्ट आन्दोलन मात्र नभई नेपालको समग्र राजनैतिक प्रक्रियामा नै दूरगामी असर पार्ने एक ऐतिहासिक पहलकदमी थियो भन्ने कुरा आज प्रमाणित भइसकेको छ । निश्चित विचार र राजनैतिक कार्यदिशा सहित राजनैतिक र फौजी आक्रमणको समायोजन र सन्तुलनको विशिष्ट श्रृंखला र योजनावद्ध पहलका कारण जनयुद्ध प्रतिक्रियावादी दमनचक्र चिर्दै एवं क्रान्तिकारी र जनताका तर्फबाट त्याग, तपस्या र बलिदानका कीर्तिमानहरु कायम गर्दै दिनप्रति दिन फैलिँदै गयो । राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको तिरन्तर अनुगमन गर्दै पार्टीले संविधान सभाको निर्वाचन र गणतन्त्र स्थापनाको मुद्धालाई न्यूनतम सर्त मानेर सरकारसँग वार्ता र संवादको ढोका पनि खुला राखी नै रह्यो । क्षति र उपलब्धी एवं पीडा र गर्वका तिब्रतम अनुभूति र अनुभवहरु संगाल्दै जनयुद्ध एउटा निश्चित विचार श्रृंखलाको विकास गर्दै अगाडि बढ्यो ।

२०५७ सालमा सम्पन्न पार्टीको दोस्रो राष्ट्रिय सम्मेलनले युद्ध र वैचारिक बहसको तीब्रताका बीचबाट विकसित विचार श्रृंखलालाई प्रचण्ड पथका रुपमा संश्लेषित गऱ्यो । यो संश्लेषणसँगै जनयुद्ध राजनैतिक र फौजी दुवै क्षेत्रमा आक्रमक र गुणात्मक रुपले विकसित हुन गयो । अब माओवादी जनयुद्ध देशव्यापी र जनव्यापी बनेर एउटा राजनैतिक शक्तिका रुपमा विकसित हुन पुग्यो । यसै प्रक्रियामा विभिन्न संसदीय राजनैतिक दल र सरकारसँग वार्ता र संवादको प्रक्रिया पनि अगाडि बढ्दै गयो । वार्तामा सरकारका तर्फबाट हाम्रा न्यूनतम माग मुख्यतः संविधानसभा र गणतन्त्र पुरा गर्नुको सट्टा दमनचक्रलाई नै निरन्तरता दिने दुश्साहस गरेपछि पार्टीका तर्फबाट सिंगै देश र दुनियाँलाई तरङ्गित हुने गरी ठूल्ठूला फौजी कारबाहीहरुको श्रृंखला अगाडि बढाइयो । यसै प्रक्रियाका बीचमा जेष्ठ २०६० मा रोल्पाको दुम्लामा सम्पन्न केन्द्रीय समितिको बैठकमा अध्येक्ष कमरेड प्रचण्डका तर्फबाट निकै गम्भीर र दूरगामी वैचारिक, राजनैतिक महत्वको प्रस्तावका रुपमा "इतिहासका

अनुभव र २१ औं शताब्दीमा जनवादको विकासबारे" प्रस्तुत गरियो । गम्भीर छलफल सहित सर्वसम्मत रुपमा पारित गरिएको सो प्रस्तावलाई केन्द्रीय समितिले दोस्रो राष्ट्रिय सम्मेलनको विचार संश्लेषणकै नयाँ विकासका रुपमा ग्रहण गऱ्यो ।

जनयुद्धका रुपमा अगाडि बढेको यो सामन्तवाद र साम्राज्यवादका विरुद्धको भीषण वर्ग-संघर्षले प्रतिक्रियावादी कित्ता भित्रको अन्तरविरोधलाई पनि निकै तीब्र पाऱ्यो । त्यो अन्तरविरोधको अभिव्यक्तिका रुपमा नै राजा वीरेन्द्रको वंश नाश गर्ने भयानक दरबार हत्याकाण्ड मच्चाइयो । सो निर्मम, नृशंस र भयानक हत्याकाण्ड मार्फत राजा बन्न पुगेका ज्ञानेन्द्र शाहले निरङ्कुश शासक बन्ने कलाविहिन नाटक प्रदर्शन गर्दै संसदीय राजनैतिक दलहरुमाथि अघोषित प्रतिवन्ध लगाएर उनीहरु माथि समेत दमन शुरु गरे । २०१७ साल दोहोऱ्याउने ज्ञानेन्द्र शाहको यो निरङ्कुश कार्यले जनयुद्धको नेतृत्व गरिरहेको ने.क.पा. (माओवादी) र राजाको निरङ्कुशता विरुद्ध शान्तिपूर्ण आन्दोलनमा रहेका ७ राजनैतिक दलहरुका बीचमा वार्ता, संवाद र सहकार्यको व्यापक र घनिभूत प्रक्रिया अगाडि बढायो । वार्ता, संवादको यो समग्र प्रक्रियामा सैद्धान्तिक र रणनैतिक प्रश्नमा समान धारणा राख्ने तात्कालिन ने.क.पा. (माओवादी) र ने.क.पा. (एकता केन्द्र)को भूमिका निकै सकारात्मक र संयोजनकारी रह्यो । वैचारिक एकरुपतासहित सिलगुढी बैठकदेखि विभिन्न समयका विभिन्न संसदीय पार्टीहरुसँग बैठक आयोजना गर्न र बैठकलाई सकारात्मक निश्कर्षमा पुर्याउन कमरेड नारायणकाजी श्रेष्ठको नेतृत्वमा रहेको ने.क.पा. (एकता केन्द्र)ले खेलेको भूमिका कै कारण शान्ति सम्झौता पश्चात दुबै पार्टीका बीचमा एकता सम्भव भएको हो । शान्ति सम्झौता, संविधान सभा र संघीय लोकतान्त्रिक गणतन्त्रसम्म लैजाने वातावरण बनाउने वार्ताको प्रक्रियामा तात्कालिन ने.क.पा.(एमाले) का महासचिव कमरेड माधव कुमार नेपाल र नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको भूमिका महत्वपूर्ण थियो नै ।

राजनैतिक दलहरुका बीचमा वार्ताको प्रक्रिया चलिरहँदा महान् जनयुद्ध देशव्यापी रुपमा झनै ठूल्ठूला कार्यवाही सहित अगाडि बढिरहको थियो । वार्ता र युद्धको यहि सन्दर्भमा ने.क.पा. (माओवादी) को २०६२ आश्विनमा रुकुममा ऐतिहासिक चुनवाङ्ग बैठक सम्पन्न भयो । सो बैठकले देशलाई संविधान सभा र गणतन्त्रसम्म पुऱ्याउन आवश्यक रणनीति, कार्यनीति, योजना र कार्यक्रम पारित गऱ्यो । चुनवाङ्ग बैठकका निर्णयहरुको मर्म अनुसार नै एकातिर ठूलो फौजी कार्यवाहीका रुपमा कालिकोटको सफल पिली कार्यवाही, सर्लाही सदरमुकाममा हमला जस्ता कार्यवाही सफल गरिए र अर्कोतिर राजनैतिक हमलाका रुपमा पार्टीका तर्फबाट एक पक्षीय रुपमा तीन महिने युद्ध-विरामको घोषणा गरियो । यो युद्ध-विरामले ज्ञानेन्द्र शाहलाई पुरै रक्षात्मक स्थितिमा धकेलिदियो भने सात राजनैतिक दल र

ने.क.पा. (माओवादी) झन् निकट ल्याएर १२ बुँदे समझदारी सहित निरङ्कुश राजतन्त्र विरोधी संघर्षलाई आक्रमक ढंगले नयाँ उचाईमा उठाउने वातावरण तयार पाऱ्यो ।

ऐतिहासिक १२ बुँदे समझदारी पछि विश्व इतिहासमै दुर्लभ राजनैतिक समिकरण र संयुक्त-संघर्षको स्वरुप विकास भयो । यसले सात राजनैतिक दल र ने. क.पा.( माओवादी)लाई निरङ्कुशता विरोधी आन्दोलनका सहयात्री मात्र बनाएन अपितु यसले माओवादी जनयुद्ध र शान्तिपूर्ण जनआन्दोलनलाई समायोजन गरेर १९ दिने ऐतिहासिक संयुक्त जन-आन्दोलनका रुपमा जन-क्रान्तिको स्तरमा उठायो । यसै क्रान्तिले देशलाई विस्तृत शान्ति सम्झौता, संविधान-सभाको निर्वाचन र समावेशी, समानुपातिक र धर्म निरपेक्ष संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणासम्म ल्याई पुऱ्यायो । यो समग्र प्रक्रियामा कम्युनिष्ट क्रान्तिकारीहरुको भूमिका नेतृत्वदायी रहनुकै परिणाम संविधान-सभाको पहिलो निर्वाचनबाट देशको पहिलो शक्तिशाली राजनैतिक दलका रुपमा जनताले ने.क.पा.( माओवादी)लाई अगाडि ल्यायो । यसै ऐतिहासिक पृष्ठभूमिमा युद्धकालमै सहकार्यमा रहेका तात्कालिन ने.क.पा.(माओवादी) र ने.क.पा.(एकता केन्द्र मसाल) का बीचमा ३० पौष २०६५ मा पार्टी एकता भएर पार्टीको विकास एकीकृत ने.क.पा.(माओवादी)का रुपमा भयो ।

माथि हामीले कम्युनिष्ट पार्टीको इतिहास सामान्य सिंहावलोकन गर्यौं । यसमा एकता, संघर्ष, रुपान्तरण, विभाजन र पुनः एकताका श्रृङ्खलाहरु हुँदै अन्ततः हाम्रो पार्टी देशकै एउटा क्रान्तिकारी र सबैभन्दा ठूलो पार्टी बन्न पुगेको तथ्यलाई देखाएको छ । तर, पहिलो संविधान सभाको अन्त्यसँगै हाम्रो पार्टी विभाजित हुन पुग्यो । दोस्रो संविधान सभाको निर्वाचनबाट पार्टी पहिलोबाट तेस्रोमा झर्न पुग्यो । पार्टीबाट ठूलो आशा अपेक्षा गरेका आम जन-समुदाय, कार्यकर्ता पंक्ति, सहिद एवं बेपत्ता योद्धाका परिवारजनमा निराशा र अन्योल बढ्न गयो । यो स्थितिका पछाडिको कारण वैचारिक र राजनैतिक कारणको गम्भीर समीक्षा र समूचित निश्कर्ष, पार्टीको भावी विकासका निमित्त अनिवार्य छ । यसबारे यसै सिंहावलोकनको अन्त्यमा चर्चा गरिने छ ।

संविधान-सभाको दोस्रो निर्वाचन र नयाँ संविधानको घोषणाको नयाँ परिस्थितिमा विभाजित विभिन्न साना-ठूला माओवादी समूहरुका बीचमा एकता अधिवेशन गरी पार्टीलाई ने.क.पा.(माओवादी केन्द्र)का रुपमा विकसित गरियो । यसै सन्दर्भमा पार्टीको नेतृत्वमा दोस्रो पटक सरकार बन्यो र त्यो सरकारले राष्ट्रिय एकता सुदृढ गर्ने, संविधान कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने, देशका सबै राजनैतिक शक्तिहरुलाई निर्वाचनमा सहभागी गराउने, आर्थिक विकास र सुशासनलाई नयाँ गति दिने जस्ता कामका कारण पार्टीको राजनैतिक छवी जनताका बीचमा राम्रो बन्दै गयो । यसै प्रक्रियामा कमरेड गणेश शाहको नेतृत्वमा रहेको ने.क.पा. (संयुक्त)सँग एकीकरण हुनुका साथै अन्य साना-ठूला दर्जनौं कम्युनिष्ट

समूहहरु पनि पार्टीमा समायोजन हुँदै गए । ठीक यहि बिन्दुबाट पार्टीले शान्ति प्रक्रियामा आएदेखि नै पहल गरेको एकीकृत ने.क.पा. (माओवादी केन्द्र) र ने.क.पा.(एमाले)का बीचमा बृहद् कम्युनिष्ट एकताको थाती रहेको कार्यभार पुन: अगाडि बढाउने प्रस्ताव गऱ्यो । प्रादेशीक र संघीय निर्वाचनका संघारमा प्रस्तावित पार्टी एकता, तत्काल निर्वाचनमा जानु पर्ने र समय अभावका कारण तत्काल वाम-गठबन्धनका रुपमा साझा घोषणा-पत्र र साझा उम्मेद्वार सहित निर्वाचनमा जाने र निर्वाचन पश्चात पार्टी एकता गर्ने घोषणा गरियो । बलियो कम्युनिष्ट पार्टी, राजनैतिक स्थायित्व, सुशासन र विकासको अपेक्षा गरेका तमाम कम्युनिष्ट नेता-कार्यकर्ता, समर्थक, शुभ-चिन्तकदेखि आम जन-समुदायसम्म उत्साहको निकै ठूलो रक्तसञ्चार भयो । यहि उत्साहसहित जनताले पार्टीलाई झण्डै दुई तिहाई बहुमतसहित देशको नेतृत्व गर्ने ऐतिहासिक जिम्मेवारी दियो । निर्वाचन प्रक्रियामा जनताका अगाडि गरिएका प्रतिवद्धता अनुसार नै मूतभूत रुपले सही वैचारिक राजनैतिक कार्यदिशा सही संगठनात्मक सिद्धान्त र व्यवस्थापन, पार्टी र सत्ता संचालनको सही अन्तरीम सहमति एवं माओवादी जनयुद्ध समेतको सही मूल्याङ्कनका आधारमा पार्टी एकता गरियो । केन्द्रीय समितिको संयुक्त बैठकबाट पारित राजनैतिक प्रतिवेदन र विधान मूलभूत रुपमा सही र क्रान्तिकारी स्पीरिटमा रहेको तथ्य सर्वविदितै छ ।

मदन भण्डारीको योगदानको चर्चा गर्दै प्रतिवेदनले "प्रतिकुल अवस्थामा नेपाली कम्युनिष्ट आन्दोलनलाई अगाडि बढाउन, प्रतिक्रियावादी एवं प्रतिक्रान्तिकारी हमलाबाट आन्दोलनको रक्षा गर्न, पार्टीलाई जनताका बीच लोकप्रिय र सुदृढ जनआधार सहितको स्थापित एवं वैधानिक ढंगबाट आन्दोलनलाई अगाडि बढाउन ने.क.पा.(एमाले)को उल्लेखनीय योगदान रहेको" चर्चा गरेको छ । त्यसको लगत्तै प्रतिवेदनले "यसै अवधिमा सामन्तवाद र साम्राज्यवादको विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न दीर्घकालीन जनयुद्धका रुपमा बलप्रयोग अनिवार्य रहेको निष्कर्षक साथ नेपालको ठोस परिस्थितिमा राजनीतिक र फौजी रणनीतको विशिष्ट सन्तुलन कायम गर्दै कमरेड प्रचण्डको नेतृत्वमा नेकपा(माओवादी) ले २०५२ फागुन १ गतेदेखि जनयुद्धको पहल गऱ्यो । त्याग बलिदानका कीर्तिमान कायम गर्दै माओवादी जनयुद्धले नेपाली राजनीतिमा नयाँ तरङ्ग र बहससहित दूरगामी प्रभाव पाऱ्यो । महिला, दलित, मधेसी जनजातिलगायतका उत्पीडित वर्ग र समुदायलाई जागृत र सङ्गठित गर्ने, राजनीतिमा समावेशीकरणका मुद्दालाई स्थापित गर्न, संविधानसभाको निर्वाचन र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधार तयार पार्न माओवादी आन्दोलनले महत्वपूर्ण भूमिका खेल्यो । वैचारिक, राजनैतिक सिद्धान्तको विकास क्रममा कमरेड प्रचण्डकै नेतृत्वमा नेकपा (माओवादी)ले २१ औं शताब्दीमा जनवादको विकास सम्बन्धी नयाँ अवधारणासहित संविधानसभा रशान्ति सम्झौताको अन्तरसम्बन्धबारे ठोस कार्यक्रमसमेत प्रस्तुत गऱ्यो । नेकपा (माओवादी)को यो पछिल्लो सैद्धान्तिक र राजनैतिक विकासले नेकपा -एमाले)सँग

सहकार्य र सात राजनीतिक दलसँग समझदारीका साथ शान्ति सम्झौतामा हस्ताक्षर गर्ने स्तरसम्म देशलाई ल्याइपुऱ्याउन ठूलो योगदान गऱ्यो" भनेर माओवादी आन्दोलनको सही समीक्षा गरेको छ । *नेपाल कम्युनिष्ट पार्टी (नेकपा) राजनैतिक प्रतिवेदन (पृष्ठ संख्या-३७-३८)*

राजनैतिक प्रतिवेदन र विधानको मूल स्पीरिट मात्र होइन एकता प्रक्रिया महाधिवेशन नहुँदासम्म समान हैसियतका दुई अध्यक्ष रहने र उनीहरुले आलोपालो गरेर बैठकको अध्यक्षता गर्ने र सरकारको नेतृत्व पनि समान अवधिका आधारमा आलोपालो गर्ने गरिएको थियो । राजनैतिक प्रतिवेदन, विधान र संगठनात्मक व्यवस्थापनको सहमतिले एकता प्रक्रियालाई सही सावित गर्दछ । के.पी.ओलीको चरम ध्यक्तिवादी अहंकार सहमतिका विपरित निरङ्कुश ढंगले पार्टी र सरकार चलाउने धृष्टता एवं उनमा रहेको मार्क्सवाद विरोधी सामन्ती, दलाल, पूँजीवाद र वैदेशिक प्रतिक्रियावादका अगाडि आत्मसमर्पण गर्ने चरित्रका कारण पार्टी भित्र चरम गुटबन्दी अस्वस्थ अन्तरसंघर्षकोको विकास भयो । यो अन्तरसंघर्षको प्रक्रियामा आफ्नो पराजय निश्चित देखिएपछि ओली गुटले संविधान नै खारेज गर्ने नियतका साथ प्रतिनिधि सभा विघटन गर्न पुगे तव त्यो अस्वस्थ अन्तरसंघर्ष शत्रुतापूर्ण अन्तरसंघर्षमा बदलियो । त्यस्तो विषम परिस्थितिमा पनि पार्टीले एकताको रक्षा गर्न र ओलीका गलत विचार, प्रवृत्ति र कार्यशैली सच्च्याउन पार्टीले अन्तिमसम्म प्रयास गऱ्यो । तर, ओली गुट झन् पछि झन् पार्टी अनुशासनको खिल्ली उडाउँदै प्रतिगमनको यात्रामा अगाडि बढे । त्यो परिस्थितिमा केन्द्रीय समितिको दुई तिहाईभन्दा बढीको बहुमतले उनलाई पार्टी सदस्यताबाट निश्कासित गऱ्यो भने संसदीय दलको बहुमतले उनलाई दल नेताबाट निश्कासन गऱ्यो । आधिकारिक र वैधानिक रुपले गरिएको उपरोक्त निर्णयलाई तात्कालिन निर्वाचन आयोग र संसद सचिवालयले जानीबुझी गरेको ऐन र नजिर विपरितको क्रियाकलाप र अन्त्यमा अदालतको अस्वभाविक राजनैतिक फैसलाका कारण पार्टी एकता असफल तुल्यायो । तर आज पनि ओली प्रवृत्तिको विरुद्धमा संघर्ष गर्दै वृहद् कम्युनिष्ट एकताको आवश्यकता कायम नै छ । हाम्रो पार्टी अहिले पनि एकताको पक्षमा छ र रहिरहने छ । विभिन्न माओवादी समूह र माधवकुमार नेपालले नेतृत्व गरेको ने.क.पा. (एकीकृत समाजवादी) सँग सहकार्य बढाउँदै जाने हाम्रो नीति स्पष्ट नै छ ।

(ओली प्रवृत्तिका विरुद्ध संघर्षको शुरुवात कसरी भयो र त्यो कसरी उत्कर्षमा पुग्यो भन्ने बारे तथ्य विवरण सहितका दस्तावेजहरु यसै प्रतिवेदनको परिशिष्टमा क्रमवद्ध रुपले राखिएको छ । ऐतिहासिक सामग्रीका रुपमा प्रत्येक पार्टी सदस्यले तिनको गहन अध्ययन गरी जन-समुदायलाई स्पष्ट पार्न आवश्यक छ ।)

पछिल्ला चरणमा पार्टीले प्रतिगमन विरोधी आन्दोलनमा खेलेको भूमिका र त्यसमा प्राप्त सफलता एवम् केन्द्रीय समितिको गत बैठकमा क्रान्तिकारी विचारको नयाँ विकास र क्रान्तिकारी रुपान्तरण सहितको क्रान्तिकारी पार्टी निर्माणको सङ्कल्प सहितको योजना र कार्यक्रमले आज पार्टी प्रति आम कार्यकर्ता र जनसमुदायको भरोसा र आकर्षण बढेको छ।

देश र प्रवासमा माओवादी पार्टीमा प्रवेश गर्ने लहर गुणत्मक रुपले बढेर गएको छ। शान्तिपूर्ण सम्झौतादेखि आजसम्मको राजनैतिक घटनाक्रमले कुन कुरा स्पष्ट गरेको हाम्रो पार्टी कमजोर हुँदा दक्षिणपन्थी प्रतिक्रियावादीले टाउको उठाएको छ भने हाम्रो पार्टी संगाठित र बलियो हुँदा उनीहरु पराजित हुने गरेका छन्। यस सन्दर्भमा आउने दिनमा पार्टीलाई वैचारिक राजनीतिक रुपले अझ स्पष्ट पार्न संगठनात्मक रुपले सुदृढ गर्न तथा जन-सम्वन्धलाई बलियो पार्न यसबीचमा हुन गएका कतिपय गम्भीर कमजोरीको समीक्षा गर्न जरुरी छ। कमजोरीहरुका समीक्षाका सन्दर्भमा कम्युनिष्ट क्रान्तिकारीहरुले लेनिनको निम्न भनाईलाई दह्रोसँग आत्मसात ग़र्न जरुरी छ। लेनिन भन्नुहुन्छ, "सर्वहारा वर्गको क्रान्तिकारी पार्टी अन्य बुर्जुवा र पेटी बुर्जुवा पार्टीहरु भन्दा यस अर्थमा फरक हुन्छ कि यो आफ्ना कमजोरीहरुलाई खुलस्त र निर्ममतापूर्वक अगाडि राख्न डराउँदैन, आफ्ना कमजोरी प्रति निर्मम हुन आँट नगर्ने पार्टी वैज्ञानिक सर्वहारा पार्टी हुनै सक्दैन। यस प्रकारका कमजोरीहरुको खलस्त स्वीकारोक्ति र त्यसबाट शिक्षा लिएर अगाडि बढ्ने साहसमा नै सर्वहारा वर्गको पार्टीको पहिचान अन्तर्निहित रहेको हुन्छ। यसप्रकारको स्वीकारोक्तिबाट दुश्मन र अवसरवादीहरुले फाइदा उठाउन लाख कोसिस गरे पनि यहि मात्र एउटा तरिका हो, जसले सर्वहारा वर्गको पार्टीलाई झन् पछि झन् स्टील र अपराजय बनाई रहेको हुन्छ। विज्ञानको नियम नै यस्तो छ कि यसरी मात्र विकासको गतिसँग एकरुपता कायम हुन सक्दछ।"

लेनिनको उपरोक्त क्रान्तिकारी स्पीरिटलाई आत्मसात गर्दै यहाँ मुख्यतः शान्ति सम्झौता यता पार्टीबाट हुन गएका कतिपय वैचारिक-राजनैतिक एवं कतिपय सांगठनिक र व्यवहारिक कमजोरीको समीक्षा गरिएको छ।

(क) केन्द्रीय समितिको चुनवाङ्ग बैठकबाट सामान्य सैद्धान्तिक र राजनैतिक दिशाबोध गरिएको भएता पनि शान्ति सम्झौतामा हस्ताक्षर गर्ने तथा जनमुक्ति सेना र हतियारलाई क्यान्टोन्मेन्टमा राख्ने जस्तो अत्यन्त गम्भीर र संवेदनशील निर्णय न्यूनतम् रुपमा केन्द्रीय समितिको बैठकमा खुलस्त बहस छलफल गरेर तथा शान्ति सम्झौता पछि पार्टीको नीति, योजना र कार्यक्रमबारे समेत साझा धारणा बनाएर मात्र गर्नु पर्दथ्यो। वस्तुगत रुपले सही नै भए पनि नेतृत्वको उपरोक्त निर्णय लिने प्रक्रियाले पार्टी भित्र कहिं न कहिं अविश्वास र आशंकाको जन्म भयो यसमा अध्यक्ष कमरेड प्रचण्डको मनोगत तथा

पार्टीको जनवादी केन्द्रीयतालाई अतिक्रमण गर्ने (Over Confidence) अति आत्मविश्वास झल्कने कमजोरी देखिएको छ । यो निर्णय प्रक्रियाले एकीकृत र केन्द्रीकृत रहेको नेतृत्वका जिम्मेवार कमरेडहरुको मनमा चिसो पस्न गयो भने अर्कोतिर अब पार्टी कहाँ र कसरी जाने हो भन्ने कुराको स्पष्ट मार्गचित्र नहुँदा आम कार्यकर्ता पंक्तिमा अन्यौल बढ्न गयो । यो बिन्दुबाट तात्कालिन पार्टीमा रहेको सुदृढ वैचारिक, राजनैतिक र सांगठनिक एकताको गाँठो खुकुलो बन्दै गयो ।

(ख) विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेर जनमुक्ति सेना र हतियारलाई संयुक्त राष्ट्र संघीय मिसनको अवलोकनमा राख्ने गरी विभिन्न क्यान्टोनमेन्टमा लगिसके पछि पनि विद्रोह र संविधान निर्माणका दुबै कुरा एकैचोटी गरिरहनुले पार्टीमा ठूलो विचारधारात्मक राजनैतिक अन्यौल सिर्जना भयो । अझ कतिपय सन्दर्भमा मुखले संविधान निर्माणका कुरा गर्ने र मनले विद्रोह कुरा गर्ने भन्ने अत्यन्त अवस्तुवादी र अपारदर्शी कुराले शान्ति सम्झौता गरेर सेना र हतियारलाई क्यान्टोनमेन्टमा राखिसके पछि विद्रोह त हुने कुरै थिएन बरु संविधान सभाबाट अधिकतम प्रगतिशील संविधान निर्माणको काममा पनि ठूलो क्षति पुग्न गयो । यहि वैचारिक र राजनैतिक अस्पष्टताको जगमा नै पार्टीमा गुटबन्दी र अराजकता झाँङ्गिएर जान थाल्यो । वस्तुतः पार्टीले शान्ति सम्झौतामा हस्ताक्षर गरेर जनसेना र हतियारको व्यवस्थापन गरिसके पछि स्पष्ट रुपमा अधिकतम प्रगतिशील संविधान निर्माणका निमित्त संघर्ष नै हाम्रो अबको बाटो हो भन्नु पर्दथ्यो । विद्रोह नभन्ने हो भने कार्यकर्ताहरु नै भड्किन्छन् कि भन्ने नेतृत्वको मनोगत भयले यसमा काम गरेको छ । परिणामले के सावित गरेको छ भने बरु स्पष्ट रुपमा अबको बाटो संविधान निर्माण र शान्तिपूर्ण रुपले जनवादी क्रान्तिका बाँकी काम पुरा गर्नु हो भन्न सकेको भए संभवतः माओवादी पार्टीलाई विभाजनबाट जोगाउन सकिन्थ्यो । विद्रोह र संविधानका दुबै कुरा गर्दा न पार्टी एकता बच्यो न अधिकतम प्रगतिशील संविधान बनाउने काम नै प्रभावकारी हुन सक्यो । यसबाट के स्पष्ट हुन्छ भने विचार र राजनीतिको प्रश्नमा हमेशा सिधा र स्पष्ट छलफल गरेर पार्टीमा साझा धारणा विकास गर्न जोड गर्नु पर्दछ । कुनै किसिमको कुटनैतिक तरिकाले पार्टीलाई सही नेतृत्व दिन सम्भव हुँदैन ।

(ग) आजको युगान्तकारी राजनैतिक परिवर्तन माओवादी जनयुद्धको जगमा संयुक्त जनआन्दोलन समेतको समायोजनबाट आएको हो भन्ने कुरा स्पष्ट छ । पार्टी इतिहासको माथिको सिंहावलोकनबाट के स्पष्ट हुन्छ भने जनयुद्धको गुणात्मक विकासमा एउटा विशिष्ट विचार श्रृङ्खलाका रुपमा संश्लेषित प्रचण्ड-पथ र त्यहि आधारमा विकशित २१ औं शताब्दीमा जनवादको विकास सम्बन्धी प्रस्तावनाको महत्वपूर्ण भुमिका थियो । तात्कालिन ने.क.पा.(माओवादी)लाई एकतावद्ध राख्ने बलियो वैचारिक हेडक्वाटरका रुपमा 'प्रचण्ड-पथ'

लाई दोस्रो राष्ट्रिय सम्मेलनले स्वीकार गरेको थियो । शान्ति सम्झौता, संविधान-सभाको निर्वाचन र संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा पछिको बदलिएको राजनैतिक परिस्थितिमा कम्युनिष्ट आन्दोलनको वृहत्तर एकताका निमित्त 'प्रचण्ड-पथ' पदावली सबैको निमित्त स्वीकार्य हुनु सम्भव थिएन । तर तात्कालिन ने.क.पा.(माओवादी)ले युद्धको बीचमा जीवन हत्केलामा राखेर सम्पन्न गरिएको दोस्रो राष्ट्रिय सम्मेलनको सर्वसम्मत निर्णय तथा आम माओवादी कार्यकर्ता एवं समर्थक जनसमुदायले समेत सगर्व अनुमोदन गरेको 'प्रचण्ड-पथ' न केन्द्रीय समितिमा न राष्ट्रिय भेला वा सम्मेलन आयोजना गरेर कुनै खालको बहस, छलफल र निर्णय प्रक्रिया बिना नै प्रचण्डको व्यक्तिगत पूँजी जस्तो गरी स्थगित गर्नुले पनि पार्टी भित्र गम्भीर आशंका र अराजकतालाई टेवा पुऱ्यायो । वास्तवमा प्रचण्ड पथका बारेमा पार्टी भित्र गम्भीर बहस, छलफल सहित सम्भव भए राष्ट्रिय सम्मेलन, सो सम्भव नभए कम्तिमा केन्द्रीय समितिको बैठक मार्फत त्यसबारे एकरुप धारणा बनाएर निर्णय लिनु पर्दथ्यो । तर, शान्ति प्रक्रियामा आएपछि विचार र नेतृत्वबारे आवश्यक बहस, छलफल गरी निश्कर्ष निकाल्ने काम गर्न सकिएन । यी दुबै कुरा नगरी अत्यन्त हल्का ढंगले विषयलाई पन्छाइनु गलत भएको छ । यस सन्दर्भमा कतिपय कोणबाट पुनः प्रचण्ड-पथ स्थापित गर्नु पर्ने हो कि भन्ने तर्क पनि उठेको देखिन्छ । अब त्यसरी सोच्नु विल्कुल पश्चगामी सोच हुन पुग्दछ । र त्यसरी सोच्नु पनि हुँदैन । बरु आजको आवश्यकता भनेको समाजवादी क्रान्तिको रणनीति अन्तर्गत नयाँ विचार संश्लेषणको निमित्त अध्ययन, अनुसन्धान, चिन्तन, मनन, बहस र संघर्षलाई अगाडि बढाउनु हो । माओवादी आन्दोलनले विकास गरेको प्रचण्ड-पथ र २१ औं शताब्दीको जनवाद त्यसका विभिन्न महत्वपूर्ण अनुभव र सन्दर्भ सामग्री भने अवश्य हुने छन् ।

(घ) पार्टी एकताका सन्दर्भमा मुख्यतः तात्तकालिन ने.क.पा.(एमाले) सँग एकता सम्पन्न भए पछि सहमति कार्यान्वयन गर्दा नेतृत्वका तर्फबाट बेलाबखत हुन गएका उदारवादी कमजोरीका कारण ओली प्रवृतिलाई आफ्नो षड्यन्त्रको जाल बुन्ने अनावश्यक अवसर दियो । यो कुरा राजनैतिक प्रतिवेदन र विधान लागु गर्नेदेखि एकताका बेलामा संगठन र सरकार सञ्चालनबारे भएका सहमति कार्यान्वयनमा समेत देखा परे । आगामी दिनमा सिंगो पार्टी यस प्रकारका उदारवादी कमजोरी सच्च्याउन विशेष सजग र सर्तक रहन जरुरी छ ।

उपरोक्त कमजोरीहरुको स्वीकारोक्तीको अर्थ महान् जनयुद्ध, ऐतिहासिक शान्ति सम्झौता, पटक-पटकका जनआन्दोलन, संविधान-सभाबाट समावेशी समानुपातिक संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण र त्यसको कार्यान्वयन, राष्ट्रिय एकता र स्वाधिनताको सुदृढीकरण, प्रतिगमन विरोधी आन्दोलन, समाजवादी क्रान्तिका लागि नयाँ

क्रान्तिकारी विचारको विकास सहित नयाँ क्रान्तिकारी पहल समेतमा हाम्रो पार्टी र नेतृत्वले खेलेको ऐतिहासिक भूमिकालाई अवमूल्यन गर्नु होइन अपितु त्यसलाई बलियो बनाउने ऐतिहासिक शिक्षाका रुपमा लिनु पर्दछ ।

## ५. नेपाली पूँजीवादी क्रान्तिको मौलिकता र समाजवादी क्रान्तिको रणनीति-कार्यनीति बारे

नेपालमा सामन्तवाद र साम्राज्यवादका विरुद्ध पूँजीवादी जनवादी क्रान्तिलाई सर्वहारा वर्गको नेतृत्व, मजदूर किसान एकता र समाजवादी क्रान्तिको अंगका रुपमा अर्थात नयाँ जनवादी क्रान्तिका रुपमा सम्पन्न गर्ने हाम्रो पार्टी र सबै कम्युनिष्ट क्रान्तिकारीहरुको चाहना र प्रयत्न थियो । तर वर्ग-संघर्ष र राजनैतिक संघर्षको प्रक्रिया हामीले चाहे जस्तो नभएर आफ्नो मौलिक बाटो पक्डँदै आधारभूत रुपले पूँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो । सन् १९१६ मा जारशाहीको अन्त्य गर्ने रुसी फेब्रवरी क्रान्तिका बारेमा लेनिन र बोल्सेविकले भने जस्तो गरी मजदूर वर्गको नेतृत्वमा अन्तरीम क्रान्तिकारी सरकार गठन गर्ने रुपमा सम्पन्न हुन सकेन । कमरेड लेनिनले आफूहरुले भने जस्तो गरी सम्पन्न नभए पनि जारशाहीको अन्त्य हुनु र सत्ता वुर्जवाहरुको हातमा आउनुलाई मौलिक रुपले सम्पन्न भएको पूँजीवादी जनवादी क्रान्ति नै भएको निश्कर्ष सहित अब पार्टी समाजवादी क्रान्तिको तयारीमा अगाडि बढ्नु पर्ने निश्कर्ष निकाल्नु भएको थियो ।

आफ्नो सारतत्वमा नेपाली पूँजीवादी जनवादी क्राति पनि त्यसरी बडो मौलिक र जीवन्त रुपमा अगाडि आयो । त्यो कुनै पार्टी विशेष वा नेता विशेषको दस्तावेज र निर्देशनको यान्त्रिक पालना नगरि आफ्नै रुपमा सम्पन्न भयो । नेपाली पूँजीवादी क्रान्तिको सन्दर्भमा निम्न तथ्यमा हाम्रो विशेष स्पष्टता आवश्यक छ, "यो क्रान्ति पूँजीपति वर्गले सामन्तवादका विरुद्ध औद्योगिक पूँजीवादको विकासका लागि गरेको पुरानो प्रकारको पँजीवादी जनवादी क्रान्ति होइन । साथै, यो क्रान्ति कम्युनिष्ट पार्टीको एकल नेतृत्वमा सबै खाले सामन्तवाद र साम्राज्यवाद विरोधी शक्तिहरुको मोर्चा बनाई सम्पन्न गरिएको नयाँ जनवादी क्रान्ति पनि होइन । अपितु, यो क्रान्ति कम्युनिष्ट पार्टीको मुख्य पहल र नेतृत्वमा पूँजीपति वर्गलाई समेत नेतृत्वको हिस्सा दिएर र उसँग आवश्यक सहकार्य गरेर सामन्तवादको विरुद्ध सम्पन्न गरिएको क्रान्ति हो । कम्युनिष्ट पार्टीको मुख्य पहल र नेतृत्व भएका कारण यो सामाजवाद उन्मुख हुन सकेको हो ।" ***(नेकपाको राजनैतिक प्रतिवेदन पृष्ठसंख्या १४-१५)***

नेपाली पूँजीवादी जनवादी क्रान्तिको उपरोक्त मौलिकता भित्र नै यसको सीमाहरु अन्तर्निहित रहेका कुरामा हाम्रो ध्यान जानु पर्दछ । पहिलो कुरा यो क्रान्तिले सामन्तवादलाई समूल नष्ट गर्न सकेको छैन, दोस्रो कुरा यो क्रान्तिले दलाल-नोकरशाही पुँजीवाद र वैदेशिक हस्तक्षेपलाई रोक्न सकेको छैन । त्यसकारण हाम्रा अगाडि समाजवादी क्रान्तिको रणनीति अन्तर्गत समाजवाद उन्मुख स्वतन्त्र एवं राष्ट्रिय अर्थतन्त्रको नीति सहित राष्ट्रिय पूँजी र समृद्धिको विकास गर्ने मूल कार्यनीतिसँग सामन्तवादका अवशेषको अन्त्य र दलाल नोकरशाही पुँजीवाद र वैदेशिक हस्तक्षेपका विरुद्धको संघर्षलाई जोड्न आवश्यक हुन गएको छ । यसलाई हामीले अर्को भाषामा समाजवादी क्रान्तिको रणनीति अन्तर्गत जनवादी क्रान्तिका बाँकी कार्यभार पुरा गर्ने नीतिका रुपमा पनि बुझ्न सकिन्छ । आफ्नो सीमा र मौलिकता सहित घोषणा गरिएको निम्न मूलभूत विशेषताहरुले नेपाली पूँजीवादी जनवादी क्रान्तिकै विशेषतालाई बुझ्ने विशेषा मद्दत गर्दछ ।

(क) नेपाली जनताले पहिलो पटक आफुमा निहित सार्वभौमसत्ताको प्रयोग गर्दै आफ्नो संविधान आफैले निमार्ण गरी घोषणा गरेका छन । राजाहरुले 'आफुमा निहित सार्वभौमसत्ता र राजकीय सत्ताको प्रयोग गर्दै' देशको मुल कानुन जारी गर्ने सामन्ती युगको अन्त्य भएको छ ।

(ख) सामन्तवादको मुल राजनैतिक प्रतिनिधिका रुपमा रहेको राजतन्त्रलाई समुल अन्त्य गरि गणतन्त्रलाई संस्थागत गरिएको छ । केन्द्रीकृत एवम एकात्मक राज्यको स्थानमा सङ्घीय संरचना संस्थागत गरिएको छ । लोकतान्त्रिक मान्यता अनुरुप धर्मनिरपेक्षतालाई संस्थागत गरिएको छ । संङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत सुदृढीकरण युगान्तकारी महत्वको परिवर्तन हो ।

(ग) नयाँ संविधान गतिशिल संविधान हो.। नेपालको राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता र नेपाली जनतामा निहित सार्वभौमिकता बाहेक कुनै पनि कुरा असंशोधनीय वा अपरिवर्तनीय छैन । एकातिर उपरोक्त मुलभुत विषय एकदमै सुरक्षित भएका छन: भने ती विषय बाहेक नेपाली जनताले चाहेमा सबै विषय संवैधानिक बाटोबाट परिवर्तन गर्न सकिन्छ भन्ने कुरा संविधानत: स्थापीत भएको छ । यो दुरगामी महत्वको परिवर्तन हो ।

(घ) शिक्षा, स्वास्थ्य, आवास र खाद्य सम्प्रभुतालाई मौलिक हकको रुपमा सुनिश्चित गरिएको छ । सामाजिक सुरक्षालाई संविधानले प्रत्याभुत गरेको छ । सामाजिक न्यायको कोणबाट संविधान अग्रगामी रहेको छ ।

(ड) समावेशी लोकतन्त्रको मान्यता अनुरुप जनप्रतिनिधि संस्थाहरुमा मिश्रीत निर्वाचन प्रणाली अर्न्तगत महिला, दलित, मधेसी, जनजाती, पिछडिएको क्षेत्र, थारु, मुस्लिम र खस, आर्य सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । संघीय संसद लगायतका सबै जनप्रतिनिधि संस्थामा महिलाको न्यूनतम एकतिहाई र स्थानीय तहमा न्युनतम ४० प्रतिशत प्रतिनिधित्वका लागि विशेष व्यवस्था गरिएको छ । राज्यका सबै निकायहरुमा समानुपातिक समावेशीकरणको हक सुनिश्चित गरिएको छ । राज्यका सबै निकाय र अङ्गमा समावेशी सिद्धान्तका आधारमा नियुक्ति गर्ने व्यवस्था गरिएको छ । समावेशीकरण र समानुपातिक प्रतिनिधित्व आजको नेपाली लोकतन्त्रको अङ्ग बनेको छ । यो विश्वकै लागि नमुनायोग्य रहेको छ ।

(च) संविधानमा राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनता र हितलाई केन्द्रमा राखी स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्ने घोषणा गरिएको छ । त्यसैगरी अन्य मुलुकसँग भएका सबै सन्धि-सम्झौताको पुनरावलोकन गरी पारस्परिक समानता र हितमा आधारित सन्धि-सम्झौता गर्ने स्पष्ट व्यवस्था गरिएको छ । हाम्रो परिप्रेक्ष्यमा यो विशेष दुरगामी महत्वको विषय रहेको छ ।

(छ) संविधानले नेपाल राष्ट्रलाई वैज्ञानिक र वस्तुनिष्ठ ढङ्गले परिभाषित गरेर राष्ट्रिय एकताको बलियो आधार प्रदान गरेको छ । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषता र भौगोलिक विविधतामा अभिव्यक्त समान आकांक्षा, नेपालको राष्टिय स्वतन्त्रता, सार्वभौमिकता र राष्ट्रिय हितप्रति प्रतिवद्ध रही एकताको सुत्रमा आवद्ध समग्र नेपाली जनतालाई नेपाल राष्ट्रका रुपमा परिभाषित गरिएको छ ।

(ज) नयाँ संविधानले किसानको हितमा भूमिसुधार गर्ने आधार प्रदान गरेको छ । भूमिसुधार, जग्गामा किसानको पहुँचको हक, प्रत्येक भूमिहिन दलित परिवारलाई जग्गा प्राप्त गर्ने हक, खाद्य अधिकार र खाद्य सम्प्रभुताको व्यवहारमा लागु गर्ने क्रममा नेपालमा कृषि क्रान्तिको क्षेत्रमा अत्यन्त महत्वपुर्ण उपलब्धी हुने छ ।

सार्वजनिक, निजी र सहकारीसहितको मिश्रित अर्थनीति स्वीकार गरी राजनीतिलाई मात्र होइन अर्थतन्त्रलाई पनि समावेशी र सहभागितामुलक बनाउने दृष्टिकोण अधि सारिएको छ ।

(झ) नयाँ संविधानले जनताको प्रतिस्पर्धात्मक बहुदलीय शासन व्यवस्था र त्यसमा आधारित समाजवादप्रति प्रतिवद्ध रहने कुरा स्पष्ट गरेको छ । विश्वव्यापी रुपमा स्वीकृत लोकतन्त्रका आधारभुत विषयका साथै मानवअधिकार, स्वतन्त्र न्यायपालिका तथा शक्ति पृथकीकरणलाई संविधानले प्रत्याभुत गरेको छ । यसैगरी राज्यलाई प्रस्ट रुपमा

समाजवादउन्मुख, समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनेर परिभाषित गरिएको छ। यसले हाम्रो परिवर्तन, राज्य र समाजको चरित्रलाई निर्दिष्ट गरेको छ।

(ञ) संविधानसभा र संविधान निर्माण नेपालको शान्ति प्रक्रियाको अभिन्न र मुख्य अङ्ग हो। संविधान घोषणाले शान्ति प्रक्रियाको मुख्य राजनैतिक कार्यभार पुरा गरेको छ र दिगो शान्तिका लागि मुल आधार प्रदान गरेको छ। *(नेकपाको राजनैतिक प्रतिवेदन, पृष्ठ १५, १६ र १७)*

उपरोक्त विशेषता हुँदाहुँदै पनि यो संविधानका सीमाहरु पनि छन्। यसले निर्वाचन प्रणाली, शासकीय स्वरुप, उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायको पहिचान र अधिकार सहित संघीयतालाई जन-अपेक्षा र इतिहासको आवश्यकता अनुसार संस्थागत गर्न भने सकेको छैन। त्यसकारण हाम्रो पार्टीले यी मूलभूत विषयमा संविधान संशोधनको आवश्यकता देखाउँदै संविधान सभामा आफ्नो भिन्न मत दर्ता गरेको छ। समाजवाद उन्मुख मूल कार्यनीतिको अंगका रुपमा अब हामीले ती मुद्धा पुरा गर्न सडक, सदन र सरकारका सबै मोर्चाबाट जोड लगाउनु पर्दछ।

राष्ट्रिय राजनीतिक परिस्थितिमा आज जुन संभावनां र चुनौति खडा छन् तिनका पछाडि नेपाली पूँजीवादी जनवादी क्रान्तिका यिनै मौलिक विशेषता र सीमा रहेका छन्। वुर्जुवा वर्गलाई समेत नेतृत्वको हिस्सा दिएर गरिएको क्रान्ति हुनको नाताले आज एकातिर वुर्जुवा वर्गले यसलाई बुर्जुवा क्रान्तिकै सीमा भित्र कैद गर्न चाहन्छ भने कम्युनिष्ट पार्टी र श्रमजीवि जनता भने यसलाई समाजवाद उन्मुख अर्थ-राजनीति हुँदै समाजवादी क्रान्तिको बाटोमा अगाडि बढाउन चाहन्छ। यो एउटा अपरिहार्य अन्तरविरोध हो। यो अन्तरविरोधको समाधान कम्युनिष्ट क्रान्तिकारीहरुले आफ्नो विचारको सहीपना, संगठनको मजबुती र राष्ट्र र जनताको हितका निमित्त त्याग र समर्पणको उचाईद्वारा गर्नुपर्ने छ। आजको हाम्रो संविधानले त्यो दिशामा अगाडि बढ्ने सैद्धान्तिक, राजनैतिक, संवैधानिक र कानूनी आधार प्रदान गरेको छ। समाजवाद उन्मुख अर्थ-राजनीति हुँदै वैज्ञानिक समाजवादमा अगाडि बढ्ने आधार प्रदान गरेकै कारण दलाल-नोकरशाही पूँजीपति वर्ग, तिनका वैदेशिक प्रतिक्रियावादी मालिकहरु यो संविधान नै खारेज गर्ने र नेपाललाई पुनः निरङकुशताको प्रतिगामी बाटोमा धकेल्ने षडयन्त्रलाई तिव्रता दिइरहेका छन्।

पूँजीपति वर्गलाई समेत नेतृत्वको हिस्सा दिएर जुन सामन्तवाद विरोधी पूँजीवादी जनवादी क्रान्ति आधारभूत रुपले सम्पन्न गरिएको थियो। आज त्यो वर्ग दुई हिस्सामा विभाजित हुँदै गइरहेको छ। पूँजीपति वर्गको तुलनात्मक रुपले देशभक्त र प्रगतिशील हिस्सा संविधान, लोकतन्त्र र राष्ट्रियताको पक्षमा उभिने काम गरिरहेको छ भने त्यसको दक्षिणपन्थी हिस्सा दलाल नोकरशाही पूँजीपति र वैदेशिक प्रतिक्रियावादीहरुका अगाडि

आत्मसमर्पण गरेर संविधान र लोकतन्त्रलाई नष्ट गर्ने बाटोमा गइरहेको छ । कम्युनिष्ट क्रान्तिकारीहरुले आजको अन्तर्राष्ट्रि र राष्ट्रिय परिस्थितिका विशेषताहरुलाई गम्भीरतापूर्वक लिँदै वर्गसंघर्षको नेपालको पेचिलो अवस्थालाई ठीक ढंगले विश्लेषण गरेर सही विचार, रणनीति, कार्यनीति र समग्र कार्यदिशाको विकास गर्न जरुरी छ। वैदेशिक प्रतिक्रियावादद्वारा पालित, पोषित दलाल नोकरशाही पूँजीवाद र सामन्ती अवशेषका विरुद्ध नेपाली जनताको अन्तरविरोध प्रमुख बनेर प्रकट भइरहेको आजको अवस्थामा राष्ट्र र जनतालाई एकतावद्ध गर्ने, कम्युनिष्ट आन्दोलन तथा संसारभरिका न्यायप्रमी जनतालाई एकतावद्ध गर्ने नयाँ पहलकदमीले मात्र नेपाली जनता र कम्युनिष्ट क्रान्तिकारीलाई कदम-कदम गर्दै विजयको शिखर तिर लैजाने छ।

उपरोक्त विश्लेषणका आधारमा हामीले नेपाली समाजवादी क्रान्तिको सिद्धान्त, रणनीति, कार्यनीति र कार्यदिशा निधारण गर्नुपर्ने हुन्छ । सुत्रवद्ध रुपमा यसलाई निम्न अनुसार बुझ्न सकिन्छ :-

(क) पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद-माओवाद हो । आजको ऐतिहासिक परिस्थिति अनुसार यसको रक्षा, प्रयोग र विकास गर्ने कुरामा पार्टी प्रतिवद्ध छ।

(ख) नेपाली जनताको विकासको आजको विशिष्ट पूँजीवादी चरणमा पार्टीको रणनीतिले वैज्ञानिक समाजवादको स्थापना गर्नु हो। तर राष्ट्रिय पूँजीको विकासको कमजोर स्थिति, अर्थतन्त्रमा दलाल नोकरशाही पूँजीवादको बलियो पकड तथा सामन्ती अवशेष र वैदेशिक हस्तक्षेपका विरुद्ध संघर्षको आवश्यकताका कारण तत्काल समाजवादमा जान तथा समाजवादी कार्यक्रम लागू गर्न सम्भव छैन । तात्कालिन दृष्टिले पार्टीको ध्यान शान्तिपूर्ण प्रतिश्पर्धा र वैधानिक बाटो बाट समाजवादको आधार तयार पार्ने कुरामा केन्द्रित हुनेछ । त्यसकारण आज पार्टीको मूल कार्यनीति 'समाजवाद उन्मुख समृद्धि' भनिएको हो । 'समाजवाद उन्मुख समृद्धि' भन्नाले स्वतन्त्र राष्ट्रिय अर्थतन्त्रको नीति, सामाजिक न्यायसहित राष्ट्रिय पूँजीको विकास प्रक्रियालाई बुझ्नु पर्दछ।

(ग) वर्ग-संघर्षको विकास र राजनैतिक शक्ति सन्तुलनको आजको ठोस अवस्थामा समाजवादी क्रान्तिको रणनीतिलाई सेवा गर्ने तुलनात्मक रुपले लामो समय जाने पार्टीको मूल कार्यनीति 'समाजवाद उन्मुख सामाजिक न्याय सहितको समृद्धि हासिल गर्नु' हो। यस अन्तर्गत राष्ट्रिय पूँजीको विकास गर्ने, सामाजिक न्याय स्थापित गर्ने, सामन्ती अवशेष र दलाल-नोकरशाही पूँजीवादलाई परास्त गर्ने, वैदेशिक दवाव हस्तक्षेपका विरुद्ध राष्ट्रिय स्वाधिनतालाई सुदृढ गर्ने, संविधानको कार्यान्वयन, निर्वाचन प्रणालीमा सुधार, शासकीय स्वरुपमा परिवर्तन र उत्पीडित वर्ग समुदायको पहिचान र अधिकार बढाउने गरी संविधान परिमार्जन गर्दै जाने, स्थानीय र समुदायको स्तरबाट नै विकास, निर्माण र आर्थिक समृद्धिका

लागि समाजवादका भ्रुणका रुपमा उत्पादन र श्रम इकाईहरुको विकास गर्ने, पार्टी, सरकार र जनताका बीचको सम्बन्ध र सहकार्यलाई बलियो बनाउदै लैजाने, उत्पीडित वर्ग, जाति, क्षेत्र, र लैङ्गिक समुदायको पहिचान र अधिकार स्थापित गर्ने मुद्धालाई अगाडि बढाउने , शाति प्रक्रियाका बाँकी काम पुरा गर्ने, सहिद र बेपत्ता योद्धाहरुलाई सम्मान गर्ने तथा उनीहरुका परिवारलाई समूचित राहत उपलब्ध गराउने, घाइते-अपाङ्गको उपचार र रोजगारीको व्यवस्था गर्ने जस्ता नीति, योजना र कार्यक्रम पर्दछन् ।

(घ) समाजवादको आधार तयार पार्ने हाम्रो प्रयास असफल पार्न सबैखाले प्रतिक्रियावादी, दलाल तथा अवसरवादी तत्वहरु लागि पर्ने छन् । हामीले आफ्नो विचार, राजनीति, संगठन, जन-सम्बन्ध र विकास निर्माणका कामद्वारा प्रतिक्रियावादी षडयन्त्रको प्रतिवाद गर्दै समाजवादको आधार तयार पार्ने कामलाई योजनावद्ध र दृढतापूर्वक सफल पार्नु पर्दछ ।

## ६. समाजवादको आधार निर्माणसँग सम्बन्धित केही सैद्धान्तिक प्रश्नहरु

(क) के हन्तिपूर्ण प्रतिशपर्धाको चुनावी बाटोबाट समाजवादको आधार निर्माण सम्भव छ ? कम्युनिष्ट आन्दोलनको विसौं शताब्दीमा स्थापित मान्यता अनुसार यो संभव छैन । तर, हामीले विगतका प्रतिक्रान्तिका अनुभव, २१ औं शताब्दीका विशेषता र मुख्यतः नेपालको पूँजीवादी जनवादी क्रान्तिमा कम्युनिष्ट पार्टीको नेतृत्वमा जनताले खेलेको भूमिका समेतलाई विचार गरेर त्यो सम्भव छ भनेका छौं । नेपालमा आएको परिवर्तनको मौलिक विशेषताका कारण समावेशी समानुपातिक संघीय लोकतान्त्रिक गणतन्त्र कुनै परम्परागत संसदीय प्रणाली होइन अपितु कम्युनिष्ट पार्टीको मुख्य नेतृत्वमा स्थापित भएको समाजवाद उन्मुख राजनैतिक प्रणाली हो । यहि मूल विशेषताका कारण आजको नेपालमा शान्तिपूर्ण प्रतिश्पर्धा र वैधानिक बाटोबाट समाजवादको आधार निर्माण सम्भव छ भनिएको हो । भोलि वर्ग संघर्ष र राजनैतिक संघर्षको विकास प्रक्रियाले प्रतिक्रान्तिको मोड लियो भने हामीले पक्कै पनि आफ्नो नीति र संघर्षको रुप बदल्नु पर्ने हुन्छ ।

(ख) के खुल्ला शान्तिपूर्ण र प्रतिशपर्धाको राजनैतिक प्रक्रियाबाट निजी सम्पति उन्मुलन गर्ने तथा सामुहिक जीवन पद्दति अँगाल्ने दिशातिर अग्रसर हुने उच्च सांस्कृतिक आचरण सहितका नेता, कार्यकर्ताहरुको कम्युनिष्ट पार्टी विकास गर्न सम्भव छ ? यो निकै गम्भीर पश्न हो । आज पार्टीमा व्यक्तिगत पद, प्रतिष्ठा, लाभ र स्वार्थका निमित्त जस्तो सुकै अनुचित कार्य गर्न पछि नपर्ने प्रवृति हावी हुँदै गएको छ । यो स्थितिमा पार्टीको क्रान्तिकारी रुपान्तरणको प्रश्न सर्वाधिक महत्वको जटील प्रश्न हो । यसको सही जवाफ र रुपान्तरणको ठोस योजना र कार्यक्रम बिना अगाडि जान सम्भव छैन । कुरा क्रान्तिको, व्यवहार प्रतिक्रान्तिको गर्ने भयानक विरोधाभाषको शिकार बन्दै जान थालेको कम्युनिष्ट

आन्दोलनलाई सिद्धान्त र व्यवहारका बीचको एकरुपताको आन्दोलनमा कहाँबाट र कसरी रुपान्तरण गर्ने ? समाजवादी क्रान्तिको विचारधारात्मक र राजनीतिक कार्यदिशा स्पष्ट भइसके पछि संगठन, संघर्ष र आचरणको प्रश्न मुख्य भएर आउँछ । यहानेर हामीले उत्पादक शक्तिको विकासले स्वत: समाजवादको आधार तयार पार्छ भन्ने प्रतिक्रान्तिकारी विचारका विरुद्ध सर्वहारा विश्व दृष्टिकोण सहित सचेत प्रयत्नका रुपमा सोच र संस्कृतिमा निरन्तर क्रान्तिले मात्र समाजवादको बाटोमा अगाडि बढ्न सकिने सत्यलाई आत्मसात गर्नु पर्दछ । सांस्कृतिक रुपान्तरणका लागि हाम्रो आजको अवस्थाँ सुहाउँदो सांस्कृतिक क्रान्तिका प्रक्रिया अगाडि बढाउनु पर्दछ ।

यस दृष्टिबाट समाजवादको आधार तयार पार्नका लागि निश्चित योजना सहित, निश्चित आवधिक रुपमा सबै नेता र कार्यकर्ताहरु श्रमिक जनतासँग जोडिएर उत्पादन कार्यमा सहभागि हुनुका साथै सामुहिक बसेर विचार, संस्कृति र समाजवाद निर्माणको विषयमा गम्भीर बहस छलफलको प्रक्रियाबाट अगाडि बढ्न जरुरी छ ।

(ग) सशस्त्र-संघर्ष र अधिनायकत्वबारे समाजवाद निर्माणसँग कस्तो सम्बन्ध रहन्छ ? वर्ग-संघर्षको सिद्धान्त मार्क्सवादको एक आधारभूत सिद्धान्त हो । इतिहासको भौतिकवादी व्याख्याका आधारमा राज्यको उत्पति र विकाबारे मार्क्सवादले वैज्ञानिक संश्लेषण गरेको छ । त्यस अनुसार वर्ग संघर्षको विकासको ठोस अवस्था र स्थितिले अधिनायकत्वको स्वरुप निर्धारण गर्दछ । संघर्षको स्वरुपका सन्दर्भमा पनि मार्क्सवादले बल प्रयोगको सिद्धान्तलाई आत्मसात गर्दै संघर्ष र राजनैतिक शक्ति सन्तुलनको ठोस स्थिति अनुसार कतिबेला शान्तिपूर्ण र कतिबेला सशस्त्र संघर्ष भन्ने कुराको निरुपण गर्न माग गर्दछ । अधिनायकत्व र हिंसाबारे मार्क्सवादका यी आधारभूत सिद्धान्तलाई आत्मसात् गर्दै नेपालको आजको ठोस परिस्थितिमा समाजवाद उन्मुख संक्रमणकालिन राज्यमा शान्तिपूर्ण संघर्ष र प्रतिष्पर्धाका माध्यमबाट समाजवादको आधार तयार पार्ने सम्भावना रहेको छ । अतः हाम्रो पार्टी यस सम्बन्धी मा.ले.मा. को सिद्धान्तमा कुनै सम्झौता नगरि आजको स्थितिमा शान्तिपूर्ण रुपले सडक, सदन र सरकारको मोर्चाबाट समाजवादको आधार तयार पार्न अधिकतम तयारीमा जोड दिइरहेको छ । आजको राजनैतिक शक्ति सन्तुलन बदलियो र वर्ग-संघर्षले प्रत्यक्ष टकरावको रुप लियो भने पार्टीले सोही अनुसार नयाँ निर्णय लिएर अगाडि बढ्नु पर्ने अवस्था आउँछ ।

(घ) के सर्वहारा अन्तर्राष्ट्रवादको सिद्धान्त अनुसार कम्युनिष्ट क्रान्तिकारीहरुको अन्तर्राष्ट्रिय संगठन निर्माण आवश्यक छन् ? 'संसारका मजदूरहरु एक होऔं' भन्ने नारामा नै सर्वहारा अन्तर्राष्ट्रवादको सिद्धान्तको मर्म अन्तर्निहित रहेको छ । अतः कम्युनिष्ट क्रान्तिकारीहरुले दृढतापूर्वक अन्तर्राष्ट्रवादको सिद्धान्तलाई आत्मसात गर्दछन् । जहाँसम्म

कम्युनिष्टहरुको अन्तर्राष्ट्रिय संगठन निर्माणको प्रश्न छ. सैद्धान्तिक रुपले त्यसमा सहमत हुादाहुँदै पनि त्यसको सम्भावना र आवश्यकताबारे कम्युनिष्ट आन्दोलन र अन्तर्राष्टिय वर्ग संघर्षको ठोस स्थितिमा निर्भर रहन्छ । आज ठूल्ठूला प्रतिक्रान्ति सहित कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा धकेलिएको र २१ औं शताब्दीको ठोस स्थिति अनुसार सबैलाई मान्य हुने विचार विकासको चुनौति झेलिरहेको सन्दर्भमा तत्काल कुनै अन्तर्राष्टिय संगठन निर्माणको आधार तयार भएको छैन । आजको स्थितिमा विचार, संगठन र संघर्षको विकास एवं प्रयोगको विभिन्न अवस्थाबाट गुज्रिरहेका विश्वका विभिन्न देशका कम्युनिष्टहरुसँग विचार विमर्श अनुभवको आदानप्रदान सहित आवश्यक वैचारिक संघर्षका बीचबाट साझा विचारको विकासमा जोड दिनु पर्दछ । यो प्रक्रियासँगै भूमण्डलीकृत साम्राज्यवादका विरुद्धको संघर्षमा सहकार्यको प्रयासलाई निरन्तर अगाडि बढाउनु पर्दछ । कम्युनिष्ट अन्तर्राष्ट्रिय सम्बन्धी विगतका सकारात्मक र नकारात्मक अनुभवहरुको गहिरो समीक्षा र त्यसबाट लिनुपर्ने शिक्षाका बारेमा समान धारणा बनाउन जोड गर्नु पर्दछ ।

(ङ) के विज्ञान प्रविधिमा भएको विकासको ज्ञान र प्रयोग बिना समाजवादको आधार निर्माण सम्भव छ ? सम्भव छैन । विज्ञान-प्रविधिमा भएको विकासलाई आत्मसात गरेर नै सामाजिक क्रान्तिको विज्ञानका रुपमा मार्क्सवाद अगाडि आएको हो उत्पादक शक्तिको विकास र त्यो प्रक्रियामा मानिसहरुका बीचको आपसि सम्बन्धको विकासमा विज्ञान प्रविधिको असाधारण योगदान रहँदै आएको छ । आजका मार्क्सवादीहरुले सूचना प्रविधिमा क्रान्तिदेखि डिजिटल युगको प्रारम्भसम्म विज्ञानका विभिन्न क्षेत्रमा भएका आविस्कारहरुलाई आत्मसात नगरिकन २१ औं शताब्दीमा समाजवाद निर्माणको कल्पना पनि गर्न सकिँदैन । तर, यहाँ कुन कुरामा स्पष्ट हुन जरुरी छ भने विज्ञान-प्रविधि होइन मानव र श्रम नै प्रमुख उत्पादक शक्ति हो । आधुनिक रोबोर्टहरुले गर्न थालेको भौतिक र मानसिक काम समेतलाई देखाएर अब मानिसको भूमिका विस्थापित हुने चर्चा पनि गर्न थालिएको छ । यो सत्य होइन । विज्ञान प्रविधिको विकास मानिसहरुको श्रमकै उपज हो र यसको कमाण्ड गर्ने मानिस नै हो ।

फेरि पनि हामी स्पष्ट हुनु पर्दछ कि आज कृषि, शिक्षा स्वास्थ्य, भौतिक पूर्वाधार, पर्यावरण लगायत सामाजिक र मानवीय जीवनका सबै पक्षमा विज्ञान प्रविधिको प्रयोगका लागि दक्ष जन-शक्तिको विकास गर्ने तथा परिचालन गर्ने कामलाई विशेष प्राथमिकता दिन पर्दछ । त्यसका लागि योजनावद्ध स्कूलिङ्गको व्यवस्था गर्नु पर्दछ ।

(च) के समाजवादको आधार निर्माण गर्न संयुक्त-मोर्चा सम्भव र आवश्यक छ ? हो, आजको विशिष्ट राष्ट्रिय र अन्तराष्ट्रिय परिस्थितिमा कम्युनिष्ट पार्टीले समाजवादको आधार निर्माण गर्न जनताका विभिन्न वर्ग, जन-संगठन र सम्भव भएसम्म राजनैतिक दलहरुसँग

विभिन्न रुप र स्तरमा संयुक्त-मोर्चा कायम गर्न जोड लगाउनु पर्दछ। नेपालको आजको ठोस परिस्थितिमा प्रतिगमनका विरुद्ध लड्न पाँच दलीय गठबन्धन कायम गर्नु पनि संयुक्त मोर्चाकै एउटा रुप हो । समाजवाद उन्मुख समृद्धिका पक्षधर 'वाम' लोकतान्त्रिक शक्तिहरुसँग अल्पकालिन र दीर्घकालिन प्रकृतिका मोर्चा बनाउने हाम्रा नीति र पहल हुनु पर्दछ । स्थानीय तहमा प्राकृतिक साधन-श्रोतको संरक्षण र जनहितमा तिनको उपयोग, उत्पादन एवं विकास निर्माणमा समुदायको हित, शिक्षा, स्वास्थ्यमा सुधार समेतका विषयलाई लिएर पहल लिनु पर्दछ। राष्ट्रिय स्तरमा संविधानको रक्षा र परिमार्जन, राष्ट्रिय स्वाधीनताको रक्षा र सुदृढीकरण, सामाजिक न्याय सहितको समृद्धि, पर्यावरणको संरक्षण, प्राकृतिक विपद्का विरुद्ध अभियान आदि जस्ता विषयलाई केन्द्रीय स्तरमा मोर्चा बनाउन विशेष पहल लिनुपर्ने छ। साम्राज्यवादले विश्वमा पुनः अगाडि बढाउन लागेको शीतयुद्ध, आणवीक हतियारको होडबाजी, जलवायु परिवर्तन र पर्यावरण विनास, तीब्र रुपले बढ्न गएको धनी र गरीबको बीचको खाडल आदि जस्ता विश्वव्यापि महत्वका विषयलाई पार्टीले अन्तर्राष्ट्रिय स्तरमा सहकार्य र संयुक्त मोर्चा निर्माणमा जोड लगाउनु पर्दछ।

(छ) के वैदेशिक प्रतिक्रियावादी दवाव हस्तक्षेपका विरुद्ध राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई नयाँ उचाईमा नउठाइकन समाजवादको आधार निर्माण गर्न सम्भव छ ? वस्तुतः समाज्यवादी हस्तक्षेत्रपका विरुद्ध राष्ट्रिय स्वाधीनताको प्रश्न पूँजीवादी जनवादी क्रान्तिकै एटा आधारभूत प्रश्न हो। नेपालको विशिष्ट सर्न्दभमा पूँजीवादी जनवादी क्रान्ति आधारभूत रुपले सम्पन्न भए पनि वैदशिक हस्तक्षेप र राष्ट्रिय स्वाधिनताको आधारभूत प्रश्नको समाधान भएको छैन । अतः हाम्रो पार्टीले समाजवादी क्रान्तिको रणनीति एवं समाजवाद उन्मुख समृद्धिको कार्यनीति अन्तर्गत सामन्तवादका अवशेष र वैदेशिक दवाव र हस्तक्षेपका विरुद्ध राष्ट्रिय स्वाधिनताको मुद्धालाई पनि जोडेर अगाडि बढाउने कुरा गरेको छ। असमान सन्धी सम्झौता, अर्थतन्त्र माथिको वैदेशिक प्रभाव, राजनैतिक परनिर्भरता, प्रविधिको प्रयोग आदिले राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकता कमजोर बन्ने प्रवृत्ति अल्पविकसित र विकासशील देशमा हावी हुन खोजिरहेका बेलामा पनि नेपालमा भने कम्युनिष्ट पार्टीको राष्ट्रिय अडान र जनताको राष्ट्रियता प्रतिको संवेदनशीलताका कारण हाम्रो स्थितिमा अनुकूलता छन्। हामीले राष्ट्रियता, राष्ट्रिय स्वाधिनता, देशको सार्वभौमिकता र भौगोलिक अखण्डताको प्रश्नमा दृढ अडान लिएरं निरन्तर अगाडि बढ्न जरुरी छ। यो नीतिले मात्र हाम्रो पार्टीलाई आमजनताको बीचमा भरोसायोग्य र लोकप्रिय पार्टीका रुपमा स्थापित गर्न मद्दत गर्ने छ। तत्काल एमसीसीको परियोजनालाई आवश्यक परिमार्जन संशोधन र राष्ट्रिय सहमति बनाएर मात्र अगाडि जाने नीति लिनु पर्छ।

## ७. पार्टीका तात्कालिन नीति, योजना र कार्यक्रमको रुपरेखा

समायोजनको रणनीति र समाजवाद उन्मुख समृद्धिको कार्यनीति अन्तर्गत जनवादी क्रान्तिका बाँकी कार्यभार पुरा गर्दै समाजवादको आधार निर्माण गर्न निम्न अनुसार तात्कालिन नीति, योजना र कार्यक्रम प्रस्तुत गरिएको छ ।

(क) पार्टी:-

i. राष्ट्रिय सम्मेलनद्वारा पारित विचारलाई सिंगो पार्टी पंक्तिमा बुझाईको एकरुपता कायम गदर्ने उद्देश्यका साथ तलसम्म प्रशिक्षण सञ्चालन गर्ने । मुखपत्र लगायतका पार्टी प्रकाशन र स्कूलिङ्गलाई नियमित रुपमा संचालनको व्यवस्था गर्ने सोसल मिडियाको अधिकतम उपयोग गर्ने ।

ii. संगठनात्मक रुपले पार्टीलाई जनवादी-केन्द्रीयताको सिद्धान्त अनुसार सञ्चालन गर्न जोड लगाउने । जनवादी-केन्द्रीयताको सिद्धान्त र पार्टीको विधि विधानको पालना गर्ने, गराउने कुरालाई उच्च प्राथमिकता दिने । त्यस अनुसार सामुहिक निर्णय र व्यक्तिगत जिम्मेवारी, अभिव्यक्तिमा स्वतन्त्रता र कामकारवाहीमा एकरुपता सामुहिकताको केन्द्रीकृत अभिव्यक्तिका रुपमा नेतृतव निर्माण, रक्षा, विकासमा जोड गर्ने । व्यक्ति कमिटिको, तल्ला कमिटि माथिल्लो कमिटि र सबै सदस्यहरु महाधिवेशनको माहत रहने मान्यताहरुलाई पालना गर्ने गराउने काममा जोड दिने ।

iii. केन्द्रीय कमिटिदेखि टोल, सेल कमिटिसम्म आलोचना आत्मआलोचनाको प्रक्रियालाई पुनर्स्थापित गर्ने । कमिटि आज निकै ठूला र भारीभरकम रहेको स्थितिलाई ध्यान दिई प्रत्येक कमिटिकै बैठक अन्त्यमा पदाधिकारीहरुको एक-एक गरिआलोचना आत्मालोचना गराउने बाँकी सदस्यहरुको हकमा सकैलाई कसैको बारेमा केही आलोचना गर्नै पर्नेछ भने त्यो अवसर दिने । पार्टीमा अनुशासन, विधि र व्यवस्थापनलाई प्रभावकारी रुपले कार्यन्वयन गर्न पार्टीका केन्द्रीय निकायहरुले विशेष ध्यान दिन र जोड लगाउन पर्नेछ । कुनै पनि स्तरका निर्वाचित पदाधिकारीले पार्टीको हित अनुसार काम नगरेमा वा गर्न नसकेमा कमिटिले फिर्ता बोलाउन सक्ने र कमजोरीको प्रकृति अनुसार अनुशासनको कार्यवाही गर्ने ।

iv. पार्टीका नेता कार्यकर्ताहरुलाई उत्पादन, श्रम एवं श्रमिक जनसमुदायसँग जोड्न सबै तहका पार्टी कमिटिहरुले आ-आफ्नो स्तरमा ठोस कार्य-योजना बनाई कार्यान्वयन प्रक्रियालाई अगाडि बढाउने । त्यसो गर्दा समुदायको विकास-निर्माणको आवश्यकता र उत्पादन वृद्धिका कामलाई विशेष ध्यान दिने । यो प्रक्रियालाई पार्टी र जन-समुदायको सांस्कृतिक रुपान्तरण एवं चेतना अभिवृद्धिका कार्यक्रमहरुसँग जोडेर लैजाने । यस प्रक्रियामा कमरेड माओले एउटा एकाइको शल्यक्रियाबाट समग्रको ज्ञान प्राप्त हुन्छ भने झैं प्रत्येक केन्द्रीय र प्रदेश सदस्यसममले एउटा निश्चित वार्ड वा उत्पादन इकाईलाई नमूनाको रुपमा विकास गर्ने ।

v. प्रत्येक कमिटि र सदस्यहरुले आर्थिक अनुशासन र पारदर्शिता कायम राख्न विशेष जोड गर्ने । कमिटिका बैठकहरुमा (कम्तिमा ६ महिनामा एकपटक) आर्थिक हिसाब प्रस्तुत गर्ने, लेबी कोटा नियमित गर्ने तथा लेखा दुरुस्त पार्न जोड गर्ने । पार्टी र जनसमुदायमा समेत भ्रष्टाचार विरोधी अभियान चलाउने । समाजवाद उन्मुख आधार निर्माण गर्ने इकाइका रुपमा स्थानीय स्तरमा सामुहिक उत्पादन टोली, सामुहिक श्रम टोली बनाई कामलाई अगाडि बढाउने । यो प्रक्रियाबाट गरिबी, अभाव र संकटमा रहेका कार्यकर्ताहरुको संरक्षण कोष खडा गर्ने ।

vi. पार्टी सुदृढीकरण र विस्तारको अभियानलाई नियमित रुपमा सञ्चालन गर्ने । तल्का एक टोल तीन सेल र अधिकतम जबस कमिटिहरु बनाउने उद्धेश्यका साथ स्थानीय पार्टीले योजनावद्ध रुपमा काम अगाडि बढाउने ।

vii. सांस्कृतिक रुपान्तरणको प्रश्न क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माणको अनिवार्य सर्त हो । पार्टीका नेता कार्यकर्ताको दैनिक आचरण, सम्पर्क सम्बन्ध, जीवन पद्धति, लवाईखुवाई, यौन जीवन, आर्थिक र पारिवारिक सम्बन्ध, विज्ञानको ज्ञान, वर्ग चेतना, श्रम उत्पादन, अध्ययन अनुसन्धान, नेता, कार्यकर्ता र जनताका बीचको सम्बन्ध, वैयक्तिक सामुहिक र सार्वजनिक जीवन आदिका रुपमा पार्टी सांस्कृतिक स्तर र पहिचान अनि व्यक्त भइरहेको हुन्छ ।

जनताले आज हाम्रो पार्टी अन्य पार्टीहरुमा खासै भिन्नता देखिरहेको छैन । कमिसन, भ्रष्टाचार, यौन अनैतिकता, व्यक्तिवाद, पद र पैसाप्रतिको आशक्ति बढ्दो छ । यो स्थितिलाई बदल्न नसक्ने हो भने क्रान्तिकारी पार्टी र उन्नत संस्कृति सहित समाजवादको यात्रामा अगाडि बढ्न सम्भव छैन । अतः सांस्कृतिक रुपमान्तरणको विषयलाई प्रत्येक कमिटिले विचार, राजनैतिक, संगठन र आचारणको तहबाट गम्भीर बहस छलफल सहित साझा निश्कर्षका लागि विभिन्न जोड गर्ने तथा व्यवहारमा उतार्न योजनावद्ध पहल गर्नुपर्दछ ।

(ख) जवस, विभाग र मोर्चा र प्रतिष्ठानबारे

- जवस, विभाग र मोर्चाहरुमा पार्टीको वैचारिक-राजनैतिक नेतृत्व सुदृढ गर्न नियमित प्रशिक्षण र स्कुलिङ्गको व्यवस्था गर्ने । मजदूर, किसान, महिला, विदार्थी, वाइसियल, जनसांस्कृति, शिक्षक, बुद्धिजीवि, कर्मचारी लगायतका जनवर्गीय संगठनहरुलाई व्यापक सदस्यता वितरण सहित संगठन विस्ता गर्ने तथा पार्टीका पक्षमा जनमत निर्माण गर्न व्यापक जन-परिचालन गर्नुका साथै आ-आफ्ना वर्ग र पेशाका समस्या समाधान गर्न प्रचार र संघर्षमा नेतृत्व स्थापित गर्न जोड लगाउने ।

  पार्टीको सबै स्तरका विभागहरुले पार्टीको त्यहि स्तरको कमिटिलाई आ-आफ्नो क्षेत्राधिकारको विषयमा नियमित बहस-छलफल गरी सुझाव दिने र सहयोग गर्न विशेष जोड लगाउनु पर्दछ । त्यसको साथै पार्टी कमिटिले कुनै खास विषयमा अध्ययन गरी सुझाव दिन निर्देशन गरेमा तदारुकताका साथ त्यसको पालना गर्ने ।

  विभिन्न जातिय एवं क्षेत्रीय मोर्चाहरुले पहिचान, संघीयता, समानुपातिक र समावेशीताको मर्म र भावना अनुसार व्यापक मोर्चा विस्तार, जन-परिचालन गोष्ठी, अन्तरक्रिया लगायतका प्रचारात्मक कार्यका साथै स्थिति अनुसार सडक संघर्षका कार्यक्रम समेत अगाडि बढाउन जोड लगाउनु पर्दछ ।

- सहिद, बेपत्ता योद्धाहरुलाई सम्मान गर्न सबै स्तरका पार्टी कमिटी, जबस, मोर्चा, विभागहरुले नियमित कार्यक्रम गर्नुका साथै आ-आफ्नो ठाउँबाट राज्यको तर्फबाट समेत समुचित सम्मानको व्यवस्थाका निमित्त दवावमूलक कार्यक्रमहरु सञ्चालन गर्ने । सहिद तथा बेपत्ता योद्धाका परिवारहरुलाई नियमित भेटघाट गर्ने, सम्मान कार्यक्रम राख्ने तथा राज्यको तर्फबाट उचित राहत र व्यवस्थापन दिलाउन जोड गर्ने । घाइते-अपाङ्ग योद्धाहरुलाई उचित उपचार, राहत र व्यवस्थापनमा जोड गर्ने । सहिद, बेपत्ता, घाइते, अपाङ्ग र दिवंगत नेताहरुका नाममा रहेका प्रतिष्ठानहरुलाई समन्वयात्मक रुपमा स्थापित र क्रियाशील बनाउन जोड दिने ।

- पूर्व जनमुक्ति सेनाका योद्धाहरुलाई पार्टी काममा जोड्ने, संगठित गरेर उचित जिम्मेवारी दिने कामलाई सम्बन्धित सबै स्तरका पार्टी कमिटीहरुले गम्भीरतापूर्वक लिने । संगठन, प्रशिक्षण र व्यवस्थापनको अभावका कारण कैयौं क्रान्तिकारी योद्धाहरुलाई प्रतिक्रियावादी र प्रतिगमनकारीहरुले भ्रमित

पार्ने षडयन्त्र गरिरहेको सन्दर्भमा यो कामलाई पार्टीले विशेष गम्भीरतापूर्वक लिन ज़रुरी छ।

- शान्ति प्रक्रियाका बाँकी काम मुख्यतः सत्य निरुपण र बेपत्ता छानविन सम्बन्धी काम टुङ्ग्याउन भइरहेको ढिलाईका विरुद्ध सबैतिरबाट आवाज उठाउनुका साथै यसमा सहमत हुने सबै राजनीतिक र सामाजिक संघ-संस्था एवं अन्तर्राष्ट्रिय सहयोगीसँग समेत सहकार्य गर्दै शान्ति सम्झौताको मर्म र भावनाअनुसार यसलाई अविलम्ब टुङ्गोमा पुऱ्याउने।
- संघीय संसद, प्रदेश सभा र पालिका-सभाहरुमा प्रभावकारी रुपले पहल बढाउन सम्बन्धित स्तरको पार्टी कमिटीले योजना निर्माण गरि सक्रिय हस्तक्षेपको नीति लिनुपर्नेछ । साथै संघीय, प्रादेशिक र स्थानीय सरकारहरुलाई जनताको आवश्यकता र चाहना अनुसार प्रभावकारी रुपले सञ्चालन गर्न सोही स्तरका पार्टी कमिटीहरुले योजना बनाई निरन्तर अनुगमन गर्नुपर्ने छ। त्यसका लागि सम्बन्धित स्तरको पार्टी कमिटीले एउटा निर्देशक कमिटि बनाई कामलाई सुव्यवस्थित गर्नुपर्दछ।

## (ग) उत्पादन र विकास निर्माणका कामबारे

स्वतन्त्र एवं आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासको हामीले उत्पादन र विकास निर्माणका कामलाई अगाडि बढाउनुपर्दछ । अर्थतन्त्रलाई दलाल र बिचौलियाका हातबाट जनताका हातमा ल्याउने उद्देश्य हाम्रो विकासको मूल उद्देश्य हो । आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने नीति, योजना र कार्यक्रमका साथ उत्पादन र विकासका कामलाई अगाडि बढाउन जरुरी छ । वैदेशिक परनिर्भरता, बढ्दो उपभोक्तावादी संस्कृति, भयानक व्यापार घाटा र असन्तुलन रोक्न कठोर संघर्ष अनिवार्य छ ।

नयाँ भू-उपयोग नीतिसहित कृषिजन्य वस्तुहरुमा आत्मनिर्भर हुने गरी उत्पादन वृद्धिमा निमित्त जोड लगाउने । कृषिमा आधारित साना-ठूला उद्योगहरु स्थापनामार्फत् व्यापक रोजगारी सृष्टि गर्ने । देशमा रहेका प्राकृतिक साधन-स्रोतको जन-हितमा अधिकतम सदुपयोग गर्ने ।

देशमा उत्पादन र विकास निर्माणको प्रचूर सम्भावना हुँदा हुँदै पनि राज्यको गलत नीतिका कारण लाखौं युवाहरु रोजगारीका लागि विदेशमा रगत, पसिना बगाउने र जीवन नै गुमाउने अवस्था र रेमिट्यान्सबाट देश चलाउने विडम्बनाको अन्त्यका निमित्त हामीले उत्पादन र विकास-निर्माणको अभियान चलाएर विदेशमा रहेका ती लाखौं युवाहरुको श्रम र क्षमतालाई स्वदेशमै सदुपयोग गर्ने वातावरण सिर्जना गरिनुपर्दछ । यसमा हाम्रो पार्टीले विशेष जोड लगाउनु अनिवार्य छ । देशभित्र र बाहिर रहेको युवा श्रमशक्तिलाई राष्ट्रिय विकासको अभियानमा नजोडेसम्म अपेक्षित परिणाम ल्याउन असम्भव छ । त्यसका लागि निम्न अनुसार योजना र कार्यक्रम बनाएर पहल लिन आवश्यक छ ।

- हरेक पालिकामा कम्तिमा ५० जना सम्लग्न गरी अनिवार्य एक कृषि, उद्यम/उद्योग छ महिना भित्र स्थापना गर्ने ।
- त्यस्तो उद्यम स्थानीय स्रोत, बजार, प्रविधि, दक्ष जनशक्तिलाई ख्याल गरेर स्थानीय तहमा नै तय गर्ने । खाद्यान्न, पशुपालन, फलफूल, तरकारी नगदेबाली, घरेलु तथा साना उद्योग वा अन्य श्रृजनात्मक काम हुन सक्ने । जमिन चक्लाबन्दी गरी किसानको स्वामित्व कायम रहने र उनीहरु समेत शेयरधनी हुने गरी कम्पनी वा सहकारी वा साझेदारीमा त्यस्ता व्यवसाय सञ्चालन हुन सक्ने ।
- अलि ठूलो परिणममा काम गर्न चाहेमा दुई वा दुईभन्दा बढी पालिकाले संयुक्त रुपमा वा समन्वयमा त्यस्तो उद्यम/व्यवसाय गर्न सक्ने ।
- राज्यले प्रदान गर्ने सहुलियत, सुविधा र पूर्वाधार निर्माणमा पालिका, जिल्ला, प्रदेश र केन्द्रले सूचना संम्प्रेशण, समन्वय, सहजीकरण तथा सहयोग जुटाउन पहल गर्ने ।
- जिल्ला तहमा पालिका स्तरका उद्यमबीच समन्वय गर्ने र पालिका स्तरका उद्यमलाई चाहिने प्राविधिक तथा बजार व्यवस्थापनमा सघाउने व्यवस्था मिलाउने ।
- प्रदेशले जिल्ला स्तरबाट अनुरोध भएका क्षेत्रमा प्राविधिक सहयोग, अन्तरजिल्ला समन्वय र बजारीकरणको काम गर्ने । प्रदेशले कम्तीमा १०० जनालाई प्रत्यक्ष रोजगारी दिने गरी एक कृषि प्रशोधन तथा बजार केन्द्र, चिस्यान केन्द्र सम्बन्धी उद्योग स्थापना गर्ने ।

- केन्द्रमा केन्द्रीय स्तरको प्रशोधन केन्द्र, चिस्यान केन्द्र र एक बजारका व्यवस्था गर्ने । त्यसका लागि शक्तिशाली उद्यम/व्यवसाय परिचालन विभाग अध्यक्षको मातहत राख्ने ।
- हरेक पार्टी कार्यकर्ताले वर्षमा १५ दिन ती स्थापित कृषि फार्म वा उद्यममा श्रम गर्नेपर्ने ।

## (घ) शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा

शिक्षा, स्वास्थ्य र रोजगारी प्राप्तिको अधिकारलाई हाम्रो संविधानले मौलिक अधिकारको रुपमा स्थापित गरेको छ । तर, व्यवहारमा ती अधिकारहरुको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । हाम्रो पार्टीले यसमा विशेष पहल लिन जरुरी छ । सभ्य र समृद्ध समाज निर्माणको मूल आधार शिक्षा हो । शिक्षामा सुधारका निमित्त सबैभन्दा पहिलो कुरा वैज्ञानिक राष्ट्रिय शिक्षा नीतिको विकास गर्नु हो । शिक्षामा भइरहेको निजीकरण र व्यापारीकरणको प्रक्रियालाई नियमन गर्दै र सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउने र प्रोत्साहित गर्ने नीति लिंदै अन्ततः शिक्षालाई सम्पूर्णरुपले राज्यको दायित्व भित्र पुऱ्याउनु पर्दछ । तत्काल पुरानो पाठ्यक्रमको स्थानमा संविधानले निर्देशित गरे अनुसार समाजवाद उन्मुख वैज्ञानिक पाठ्यक्रम विकासमा जोड गर्नु पर्दछ ।

त्यसैगरि पर्यावरण विनाश, पृथ्वीको तापक्रममा वृद्धि जलवायु परिवर्तन, पूँजीवादी उत्पादन प्रणालीले श्रृजना गरेको खानपिन र आहारविहारको संस्कृति समेतले मानिसहरुको स्वास्थ्यमा धातक असर परिरहेको छ । जसको परिणाम आज नयाँ नयाँ रोगको विकास भइरहेको छ । उच्च रक्तचाप, डायबिटिज, क्यान्सर, मुटुरोग, किड्नी फेल हुने जस्ता रोगहरु गुणात्मक र भयावह रुपले विकास भइरहेका छन् । नयाँ नयाँ रुपमा भाइरस आक्रमण हुने प्रक्रिया र अहिलेको कोरोना महामारीसम्म हेर्दासम्म मानव जाति माथि नै हमला भइरहेको देखिन्छ । स्वास्थ्य क्षेत्रमा देखा परिरहेका समस्याहरुको सामना गर्न वस्तुवादी राष्ट्रिय स्वास्थ्य नीतिको विकास गर्नु पर्दछ । मानिसको दैनिक जीवनचर्या, खानपिन, शारीरिक अभ्यास, खेलकूल, योगासन लगायत स्वास्थ्य जीवनका निमित्त आवश्यक चेतना अभिवृद्धिका निमित्त ठोस पहल गर्नुपर्दछ । पार्टीका तर्फबाट सबै तहमा स्वास्थ जीवनका लागि आवश्यक ठोस नीति, योजना र कार्यक्रम बनाई आम जनतालाई प्रशिक्षित गर्न जोड लगाउनु पर्दछ ।

नेपाल भूकम्प, भू-स्खलन, बाढी पहिरो जस्ता प्राकृतिक विपदाग्रस्त देश हो । सामाजिक सुरक्षाका दृष्टिले राज्यका तर्फबाट सबैभन्दा बढी ध्यान दिनु पर्ने क्षेत्र विपद व्यवस्थापनको क्षेत्र नै हो । वैज्ञानिक भू-उपयोगको नीति विकास गरी बस्ती विकास, खेतीपाती, शहरीकरण आदिको अलग-अलग क्षेत्र छुट्ट्याएर तद्नुसार विपद् व्यवस्थापनको दीर्घकालिन योजना कार्यान्वियनमा जानु पर्दछ । तत्काल विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न राज्यका तर्फबाट अधिकतम पूर्व तयारी गर्नु पर्दछ । प्राकृतिक अप्राकृतिक विपदका कारण बर्षेनी हुने गरेको जनधनको क्षति न्यूनीकरण गर्ने काममा पार्टीले पार्टी र ज.व.स., मोर्चाका सबै स्तरका कमिटिहरले विपद जोखिम न्यूनीकरण र व्यवस्थापन विभाग गठन गरी ठोस नीति, योजना र कार्यक्रम सहित संस्थागत रुपले पहल लिनु पर्दछ ।

अन्त्यमा कार्ल मार्क्सको सु-प्रसिद्ध प्रस्थापना, 'दार्शनिकहरुले संसारको व्याख्या मात्र गरेका छन्, मुख्य कुरा यसलाई बदल्नु हो' लाई आत्मसात गर्दै आफैंलाई बदल्ने र दुनियाँलाई बदल्ने क्रान्तिकारी रुपान्तरणको अभियानमा एक जुट होऔं । जनताको जीत सुनिश्चित छ ।